


# सामुदायिक बीउ बैंकहरूको वर्तमान अवस्था र विस्तारको आवश्यकता सम्बन्धी नीति सम्वाद

## संक्षिप्त प्रतिवेदन


**प्रतिवेदन तयारकर्ता**
पीताम्बर श्रेष्ठ, बलराम रिजाल,
नवराज जोशी र भगवती आचार्य





आयोजक
**बाली विकास तथा**
**कृषि जैविक विविधता संरक्षण केन्द्र**
श्रीमहल, ललितपुर
**सामुदायिक बीउ बैंक सङ्घ नेपाल**
अग्यौली, नवलपरासी (ब.सु.पू.)

**सहकार्य**
यु.एस.एड., नेपाल, विकास कोष, नर्वे र ली-बर्ड, पोखरा

# विषयसूची


पृष्ठभूमी तथा उद्देश्य १

सहभागिता २

पहिलो दिनको प्रस्तुती तथा छलफल ३

- सामुदायिक बीउ बैंकहरूको वर्तमान अवस्था ३
- सामुदायिक बीउ बैंक सङ्घ नेपालको वार्षिक प्रगति समीक्षा ४
- वार्षिक प्रगित विवरण २०८०/०८१ ६
- सामुदायिक बीउ बैंक संघ नेपालको आर्थिक प्रगति समीक्षा १२
- सामुदायिक बीउ बैंक संघ नेपालको आ.व. २०८१/२०८२ को वार्षिक योजना तथा बजेट १३
- सामुदायिक बीउ बैंक संघ नेपालको दोस्रो अधिवेसन १४

दोस्रो दिनको प्रस्तुती तथा छलफल १५

नेपालमा सामुदायिक बीउ बैंक सम्बन्धी विद्यमान नीतिगत एवं कानुनी व्यवस्था र आगामी कार्यदिशा १५

सामुदायिक बीउ बैंक प्रवर्द्धनका लागि भएका प्रयासहरू तथा आगामी कार्यदिशा १९

नेपालका सामुदायिक बीउ बैंकहरूको वर्तमान अवस्था र विस्तारको आवश्यकता २१

गण्डकी प्रदेशमा सामुदायिक बीउ बैंकहरुको अवस्था र त्यसको प्रवर्द्धनका लागि गरिएका नीतिगत व्यवस्था एवं सञ्चालित कार्यक्रमहरु २३

बाग्मती प्रदेशमा सामुदायिक बीउ बैंकहरूको अवस्था र त्यसको प्रवर्द्धनका लागि गरिएका नीतिगत व्यवस्थाहरु एवं सञ्चालित कार्यक्रमहरु २५

सामुदायिक बीउ बैंकहरूको अवस्था र त्यसको प्रवर्द्धनमा गैरसरकारी संघसंस्थाहरूको अनुभव २६

सामुदायिक बीउ बैंक पद्धतिलाई विरूवाको जात संरक्षण तथा कृषक अधिकार सम्बन्धी मस्यौदा कानूनमा समावेश गर्न सकिने सम्भावना २७

सामुदायिक बीउ बैंक स्थापना तथा सञ्चालनका मापदण्ड र सूचकहरू २७

गोष्ठीमा छलफलका क्रममा उठेका सवालहरू ३१

गोष्ठीको निष्कर्ष ३१

अनुसूचीहरू ३२

- अनुसूची १ : गोष्ठी कार्यतालिका (पहिलो दिन) ३२
- अनुसूची २ : गोष्ठी कार्यतालिका (दोस्रो दि न) ३३
- अनुसूची ३ : गोष्ठीका सहभागिहरू (पहिलो दि न) ३४
- अनुसूची ४ : गोष्ठीका सहभागिहरू (दोस्रो दि न) ३५

# कृतज्ञता

बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र र सामुदायिक बीउ बैंक सङ्घ नेपाल "सामुदायिक बीउ बैंकहरूको वर्तमान अवस्था र विस्तारको आवश्यकता सम्बन्धी नीति सम्वाद गोष्ठी" का सम्पूर्ण सहभागिहरूलाई प्रस्तुती र योगदानका लागि धन्यवाद व्यक्त गर्न चाहन्छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सह-सचिवद्वय डा. हरि बहादुर के.सी., र डा. रामकृष्ण श्रेष्ठलाई प्रस्तुती र छलफलका क्रममा दिशानिर्देश गर्नु भएकोमा आभार व्यक्त गर्दछौं। गोष्ठीमा गण्डकी प्रदेश, कृषि विकास निर्देशनालयका महानिर्देशक श्री वासुदेव रेग्मी, र बाग्मती प्रदेश, कृषि विकास निर्देशनालयका निर्देशक श्री सुधिर श्रेष्ठलाई प्रस्तुती सहित सहभागीहुनु भएकोमा विशेष धन्यवाद व्यक्त गर्दछौं। कार्यक्रममा कोशी प्रदेश, मधेश प्रदेश, लुम्बिनी प्रदेश र कर्णाली प्रदेशबाट कृषि विकास निर्देशनालयको प्रतिनिधित्व गर्दै क्रमशः श्री गोविन्द आचार्य, श्री सुदिप चौधरी, श्री विवेक पन्त र श्री महेश कुमार विष्टको सहभागिता र अनुभव आदानप्रदानका लागि धन्यवाद ज्ञापन गर्दछौं। राष्ट्रिय जीनबैंकबाट प्रस्तुती सहित सहभागि हुनुभएकामा प्राविधिक अधिकृत श्री प्रदिप थापालाई धन्यवाद व्यक्त गर्दछौं।

कार्यक्रममा गैरसरकारी संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरूको पनि सहभागिता रहको थियो। वायोभर्सीटी इन्टरनेशनलका अनरेरी रिसर्च फेलो डा. देवेन्द्र गौचन, सामाजिक सेवा अध्ययन केन्द्रबाट कार्यकारी निर्देशक श्री नमराज सिलवाल, ली-बर्डका कार्यक्रम सञ्चालन निर्देशक श्री लक्ष्मण खत्री, वरिष्ठ कार्यक्रम अधिकृत श्री निरञ्जन पुडासैनी, बाली प्रजनक श्री बिष्णु भुसाल, प्राविधिक सहायक श्री देवराज फुयाँलको सहभागितमा र योगदानका लागि आभार व्यक्त गर्दछौं।

गोष्ठीको सफल आयोजनाका लागि प्राविधिक तथा व्यवस्थापकीय पक्षमा योगदान गर्नुहुने आयोजक संस्था बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रका कर्मचारीहरू र सामुदायिक बीउ बैंक सङ्घ नेपालका सदस्य, सञ्चालक र प्रशासन तथा वित्तीय सल्लाहकार लगायत सम्पूर्ण सहभागिलाई पुनः धन्यवाद भन्न चाहन्छौं।

गोष्ठी आयोजनाका लागि आर्थिकस्रोत उपलब्ध गराउने यु.एस.एड., नेपाल; विकास कोष, नर्वे र ली-बर्डप्रति हार्दिक आभार व्यक्त गर्दछौं।

**केशव देवकोटा, प्रमुख**

बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र
श्री महल, ललितपुर

**पार्वती भण्डारी, अध्यक्ष**

सामुदायिक बीउ बैंक सङ्घ नेपाल
अग्यौली, कावासोती, नवलपरासी (ब.सु.पू.)

# Executive Summary

The Community Seed Banks Association of Nepal (CSB Nepal) and the Center for Crop Development and Agrobiodiversity Conservation (CCDABC), under the Department of Agriculture (DoA), jointly organized a two-day Policy Dialogue on Community Seed Banks in Nepal from September 14 to 15, 2024, in Kathmandu. The objectives of the dialogue were to:

- review the progress made by community seed banks in the last fiscal year regarding the conservation and use of local crop diversity, seed production and marketing, as well as good practices and lessons learned,
- review current legislation and ongoing programs related to community seed banks at the federal, provincial, and local levels, and explore potential options to wider scaling up community seed bank approach.
- identify options for scaling up the community seed bank approach to promote the conservation and sustainable use of local crop diversity and enhance farmers' access to quality seeds and planting materials.
- develop a common understanding of the 'minimum standards' for community seed banks drafted by CSB Nepal and agree on a mechanism for enlisting and regularly updating community seed banks at the provincial level.

The first day of the workshop was dedicated to assessing the status of member community seed banks affiliated with CSB Nepal and gathering feedback from participants to inform discussions on the second day. Members of CSB Nepal and the CCDABC team participated in this session. Additionally, the technical and financial progress achieved by CSB Nepal over the last fiscal year was shared.

The discussions on the first day highlighted that public agencies are gradually recognizing the role of community seed banks at local, provincial, and national levels in conserving and utilizing local crop diversity. As a result, more community seed banks are receiving awards, funding, and technical support. Some of these community seed banks have also organized awareness-raising activities and events in partnership with local governments and district-level extension agencies. Community seed banks collaborating with public agencies, generating approximately half a million Nepalese Rupees as annual income from internal sources, engaging members in seed production and income-generating activities, and providing seeds and planting materials to both members and non-members were found to be operating well.

The discussion of the first day also noted that there is a capacity gap among public agencies regarding the conservation and use of local crop diversity, thus some of them are not supporting the community seed banks as expected. Additionally, the lack of a strong legal framework for community seed banks is another reason of hesitation to support.

On the second day, discussions focused on reviewing current policies, legislation, and programs related to on-farm conservation and use of local crop diversity and community seed banks at federal, provincial, and local levels. The goal was to identify ways to scale up and mainstream the community seed bank approach. The participants on the second day included two joint secretaries from the Ministry of Agriculture and Livestock Development (MOALD), Dr. Hari Bahadur KC and Dr. Ramkrishna Shrestha; the Director General of the Department of Agriculture (DoA), Dr. Narahari Prasad Ghimire; the Chief of the CCDABC, Mr. Meghnath Timilsina; the Director General of the Agriculture Development Directorate of Gandaki Province, Mr. Basudev Regmi; and the Director of the Provincial Agriculture Development Directorate of Bagmati Province, Mr. Sudhir Shrestha. Other participants include officer representatives from other provincial ADDs, NGO representatives, a Genebank representative, honorary research fellow of Bioversity International Dr. Devendra Gauchan, as well as members of the Board of Directors and advisors of CSB Nepal.

On the second day, Dr. Ramkrishna Shrestha, Joint Secretary to the Ministry of Agriculture and Livestock Development (MoALD), discussed the constitutional provisions, existing strategies, policies, acts, guidelines, and programs related to the conservation and use of local crop diversity, as well as community seed banks. Dr. Shrestha also emphasized the lack of a strong legal framework for implementing community seed banks and noted the poor awareness among policymakers and planners regarding the roles and functions of community seed banks.

Mr. Balaram Rijal highlighted the role played by the Center for Crop Development and Agrobiodiversity Conservation (CCDABC) in promoting local crop diversity and strengthening community seed banks. However, he also pointed out the need for minimum standard guidelines for community seed banks and effective mechanisms to collect and share aggregated data at the national level. For the past two years, the center has been providing small grants to local governments to promote local crop diversity and strengthen community seed banks.

At the provincial level, Mr. Basudev Regmi, Director General of the Agriculture Development Directorate (ADD) of Gandaki Province, mentioned that the provincial government has prioritized the promotion of local crop diversity. The province has already developed the Seed Act 2024, which includes provisions for community seed banks, and is currently in the process of drafting the seed regulations based on this Act.

Similarly, Mr. Sudhir Shrestha, the Director of the ADD in Bagmati Province, provided an update on the status of community seed banks in his province. He also highlighted the support given to a community seed bank in 2024 under the Seed Epicenter program of the ADD. A representative from the Koshi ADD Mr. Govinda Acharya shared that the Koshi Province has drafted its seed act, which also includes a provision for community seed banks. However, no other representatives from other provinces reported any legislation regarding community seed banks so far.

Pitambar Shrestha, representing CSB Nepal, presented a few case examples demonstrating the rapid loss of crop diversity. He emphasized the role of community seed banks as an effective approach to promote the conservation and use of local crop diversity on farm. Additionally, he proposed a cost-sharing model to promote community seed banks through collaboration among communities, civil society organizations (CSOs), and government entities.

Furthermore, he shared the draft of the 'Minimum Standard Guideline' for community seed banks that was prepared by CSB Nepal. Paradip Thapa from the National Genebank also presented the provisions included in the Plant Variety Protection and Farmers' Rights Bill (PVPFR) related to the conservation and use of local crop diversity as well as farmers' rights.

Based on the presentations and issues discussed regarding the mainstreaming and scaling up of the community seed bank approach, the workshop concluded with a consensus to develop a new guideline for the establishment, registration and regulating community seed banks which will define the minimum standard of CSB as its integral part. This guideline will be developed by CCDABC and CSB Nepal, in consultation with the Department of Agriculture (DoA), the National Genebank, Provincial Agricultural Development Divisions (ADDs), and LI-BIRD. The DoA will finalize it and forward to the Ministry of Agriculture and Livestock Development (MoALD) for approval.

.

## पृष्ठभूमी तथा उद्देश्य

नेपालमा सामुदायिक बीउ बैंकको थालनी भएको ३० वर्ष भयो (वि.सं. २०५१ मा ललितपुरमा पहिलो सामुदायिक बीउ बैंकको थालनी गरिएको थियो) भने यो पद्दतीको अनुसन्धान तथा प्रवर्द्धनमा सरकारी निकायको संलग्नता भएको २१ वर्ष भयो (वि.सं. २०६० मा ली-बर्ड, नेपाल कृषि अनुसन्धान परिषद् र वायोभर्सिटीको सहयोगमा बारा जिल्लामा कचोर्वा सामुदायिक बीउ बैंकको थालनी)। त्यसैगरी १६ वर्ष अघि सरकारी दस्तावेजमा यो शब्दावली समेटिएको (वि.सं. २०६४ को बजेट वक्तव्य) थियो भने सोही वर्ष तत्कालिन बाली विकास निर्देशनालयले 'सामुदायिक बीउ बैंक स्थापना तथा सञ्चालन निर्देशिका' जारी गरेर सामुदायिक बीउ बैंक स्थापना कार्य प्रारम्भ गरेको थियो। त्यसपछि बनेका प्राय सबै कृषि, कृषि जैविक विविधता र बीउसँग सम्बन्धित रणनीति, नीति र अन्य दस्तावेजहरूमा स्थानीय बाली विविधता संरक्षण तथा उपयोगका लागि सामुदायिक बीउ बैंक पद्दती प्रवर्द्धन गर्ने प्रावधानहरू समेटिएका छन्। केही वर्ष पहिले तयार गरिएको राष्ट्रिय अनुकुलन योजनामा सन् २०३० सम्म नेपालका ४० प्रतिशत स्थानीय निकायहरूमा (३०१ वटा) सामुदायिक बीउ बैंक स्थापना गरिसक्ने लक्ष राखिएको छ। हाल कृषि विभाग अन्तर्गतको बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रले यसअघि स्थापना भएका सामुदायिक बीउ बैंकहरूको सुदृढीकरण तथा थप सामुदायिक बीउ बैंकहरूको थालनीका लागि वर्षेनी केही स्थानीय निकायहरूमा रकम विनियोजान गरिरहेको छ भने केही प्रदेशहरूले पनि सामुदायिक बीउ बैंक स्थापना तथा सञ्चालन सम्बन्धी कानून तथा कार्यविधि बनाएर कार्यक्रम सञ्चालन गर्ने क्रममा रहेका छन्। त्यसैगरी दर्जन हाराहारीमा गैरसरकारी संघसंस्थाहरू पनि यो पद्दति प्रवर्द्धनमा कुनै न कुनै रूपमा संलग्न रहेका छन्।

नेपालमा सामुदायिक बीउ बैंक स्थापना तथा सञ्चालन कार्यमा सरकारी तथा गैरसरकारी क्षेत्रको सर्हानीय संलग्नता रहेता पनि यसको विस्तार तथा मूलप्रवाहीकरणका सम्बन्धमा निम्न सवालहरूमा वृहत छलपफल गरी आगामी कार्यदिशा तय गर्नु अपरिहार्य भएको छ।

- सामुदायिक बीउ बैंक भनेको स्थानीय बाली विविधता संरक्षण तथा दिगो उपयोगका लागि नियमित बीउ उत्पादन, भणडारण, तथा बिक्री वितरण गर्नु हो। तर यस विषयमा कुनै पनि सरकारी दस्तावेजले स्पष्ट परिभाषित नगरेको र सामुदायिक बीउ बैंक स्थापना तथा सञ्चालन मापदण्डबारे कानूनी दस्तावेजको अभाव छ।
- नेपालमा कृषकहरूको खेतबारीमा अझ पनि हजारौं स्थानीय बाली विविधता छन्। यसको संरक्षणका लागि राष्ट्रिय जीनबैंकको स्थापना भएको छ। तर राष्ट्रिय जीनबैंकको विशेष जोड परस्थानीय संरक्षणमा छ। यसको आफ्नै महत्व छ। तर हजारौं वर्ष देखि कृषकको खेतबारी र समुदायमा भएका हजारौं स्थानीय बाली विविधता कृषक समुदायमा नै संरक्षण गर्नका लागि फाट्टफुट्ट बाहेक पहल भएका छैनन। हालसम्म वन संरक्षणका लागि देशव्यापीरूपमा सामुदायिक वन विकास गरिए जस्तै ७५३ वटा स्थानीय तहमा स्थानीय बाली विविधता समुदायमा नै संरक्षण गर्ने संस्थागत संरचना विकास भएको छैन। यसको समाधानको उपाय सामुदायिक बीउ बैंक हो। तर यसबारे पर्याप्त बहस, छलफल र अन्तरक्रिया भएको छैन।
- सामुदायिक बीउ बैंक समुदायले सञ्चालन गर्ने हो। यसका लागि कृषकहरूको बलियो संस्था आवश्यक छ। हाल सञ्चालनमा रहेका अधिकांश सामुदायिक बीउ बैंकहरू कृषि सहकारी संस्थाले सञ्चालन गरेका छन्, केही सामुदायिक बीउ बैंकहरू जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका कृषकहरूको संस्थाले सञ्चालन गरेका छन् भने केही सामुदायिक बीउ बैंकहरू कृषक समूहले सञ्चालन गरेका छन्। यसो हुनुको कारण कुनै पनि कानूनले सामुदायिक बीउ बैंक कस्ले सञ्चालन गर्ने किटानी नगरेकाले हो। अतः कृषि जैविक विविधता विधेयक, विरूवाको जात संरक्षण तथा कृषक अधिकार विधेयक र आनुवांशिक स्रोतमा पहुँच तथा लाभको बाँडफाँड जस्ता विधेयकहरूमा सामुदायिक बीउ बैंक सञ्चालक संस्था निर्क्योल गर्नु आवश्यक छ।
- नेपालमा के कति सामुदायिक बीउ बैंक के कस्ता अवस्थामा छन् भन्ने कुराको यक्किन तथा आधिकारिक तथ्याङ्क सहजै उपलब्ध हुनसक्ने अवस्था छैन। प्रत्येक अध्ययनले फरकफरक तथ्याङ्क प्रस्तुत गरेका छन्। यसको सूचीकरण तथा नियमित अद्यावधी गर्ने कानूनी प्रावधान तथा संस्थागत संरचनाको अभाव छ।
- संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले विनियोजन गरेको रकम वा सञ्चालित कार्यक्रममा सामुदायिक बीउ बैंकहरूको पहुँच के कस्तो छ र कति प्रभावकारी छन् भन्ने विषयमा अनुसन्धान हुनसकेको छैन । यी तीन तहका सरकारले सञ्चालन गरेका सामुदायिक बीउ बैंक सुदृढीकरण कार्यक्रममा आपसी तालमेल के कसरी भएको छ भन्ने विषयमा पनि हालसम्म अध्ययन हुनसकेको छैन।

यी सवालहरूलाई मध्यनजर गरी निम्न उदेश्यका साथ बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र र सामुदायिक बीउ बैंक सङ्घ नेपालले मिति २०८१ भदौ २९ र ३० गते "सामुदायिक बीउ बैंकहरूको वर्तमान अवस्था र आगामी कार्यदिशा"बारे नीति सम्वादको आयोजना गरेको हो।

- सामुदायिक बीउ बैंक सम्बन्धी प्रदेश तथा सङ्घीय निकायहरूले जारी गरेका नीति, ऐन तथा निर्देशिकाहरू र सञ्चालनमा रहेका कार्यक्रमहरूको समीक्षा तथा अपुग वा सुधार गर्नुपर्ने क्षेत्र पहिचान,
- हाल मस्यौदाको रूपमा रहेका कृषि जैविक विविधता सम्बन्धी विधेयकहरूमा सामुदायिक बीउ बैंक पद्दति समावेश गर्न सकिने सम्भावित उपायहरूको पहिचान,
- स्थानीय बाली विविधताको संरक्षण तथा उपयोग र कृषकहरूका लागि आवश्यक गुणस्तरीय बीउमा सहज पहुँचका लागि सामुदायिक बीउ बैंक पद्दतिको व्यापक विस्तार गर्न सकिने विकल्पहरूको पहिचान र,
- सामुदायिक बीउ बैंक स्थापना तथा सञ्चालनका लागि न्यूनतम मापदण्डको विकास तथा कार्यान्वयन र सामुदायिक बीउ बैंकको सूचीकरण तथा नियमित विवरण अद्यावधी गर्ने प्रणालीको विकास।

यी सवालहरूलाई मध्यनजर गरी बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र र सामुदायिक बीउ बैंक सङ्घ नेपालले मिति २०८१ भदौ २९ र ३० गते "सामुदायिक बीउ बैंकहरूको वर्तमान अवस्था र आगामी कार्यदिशा"बारे नीति सम्वादको आयोजना गरेको हो।




## सहभागिता

सामुदायिक बीउ बैंकहरूको वर्तमान अवस्था र विस्तारको आवश्यकता सम्बन्धी नीति सम्वाद" गोष्ठी दुई दिन सञ्चालन गरिरएकोमा पहिलो दिन सामुदायिक बीउ बैंकहरूको अवस्था विश्लेषण तथा सामुदायिक बीउ बैंक सङ्घ नेपालको वार्षिक साधारण सभा आयोजना गरिएको थियो। यसमा सामुदायिक बीउ बैंक सङ्घ नेपालमा आवद्द २७ मध्ये २४ वटा सामुदायिक बीउ बैंकहरूको सहभागिता रहेको थियो। सामुदायिक बीउ बैंक सङ्घ नेपालका अध्यक्ष श्री पार्वती भण्डारीको अध्यक्षतामा सम्पन्न पहिलो दिनको कार्यक्रम बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रका प्रमुख श्री मेघनाथ तिमिल्सिनाको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो। कार्यक्रममा ली-बर्डको तर्फबाट कार्यक्रम सञ्चालन निर्देशक श्री लक्ष्मण खत्री सहभागि हुनु भएको थियो।

दोस्रो दिनमा अतिथिका रूपमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सहसचिवद्वय डा. हरि बहादुर के.सी., र डा. रामकृष्ण श्रेष्ठको सहभागिता रहेको थियो भने कृषि विभागबाट महानिर्देशक डा. नरहरि प्रसाद घिमिरेले गोष्ठीको अध्यक्षता गर्नु भएको थियो। त्यसैगरी बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रका प्रमुख श्री मेघनाथ तिमिल्सिना, सोही कार्यालयका वरिष्ठ माटो विज्ञ श्री बलराम रिजाल सहितको टिम पनि कार्यक्रममा सहभागि भएका थिए। कार्यक्रममा गण्डकी प्रदेश, कृषि विकास निर्देशनालयका महानिर्देशक श्री वासुदेव रेग्मी, र बाग्मती प्रदेश, कृषि विकास निर्देशनालयका निर्देशक श्री सुधिर श्रेष्ठको सहभागिता रहेको थियो। त्यसैगरी कोशी प्रदेश, मधेश प्रदेश, लुम्बिनी प्रदेश र कर्णाली प्रदेशबाट कृषि विकास निर्देशनालयको प्रतिनिधित्व गर्दै क्रमशः श्री गोविन्द आचार्य, श्री सुदिप चौधरी, श्री विवेक पन्त र श्री महेश कुमार विष्टको सहभागिता रहेको थियो।

कार्यक्रममा वायोभर्सीटी इन्टरनेशनलबाट डा. देवेन्द्र गौचन, राष्ट्रिय जीनबैंकबाट श्री प्रदिप थापा, सामाजिक सेवा अध्ययन केन्द्रबाट श्री नमराज सिलवाल र ली-बर्डबाट श्री निरन्जन पुडासैनीले आ-आफ्नो संस्थाको प्रतिनिधित्व गरेका थिए भने सामुदायिक बीउ बैंक सङ्घ नेपालको सञ्चालक समितिका पाँच जना र कार्यक्रम सल्लाहकार पीताम्बर श्रेष्ठ र आर्थिक तथा प्रशासन सल्लाहकार शशिभुषण प्रधान सहभागि हुनु भएको थियो।

# पहिलो दिनको प्रस्तुती तथा छलफल

## सामुदायिक बीउ बैंकहरूको वर्तमान अवस्था

यस सत्रमा सामुदायिक बीउ बैंक सङ्घ नेपालमा आवद्द २७ मध्ये कार्यक्रममा सहभागि २४ वटा सामुदायिक बीउ बैंकहरूले आर्थिक वर्ष २०८०/०८१ अवधिमा आ-आफ्नो सामुदायिक बीउ बैंकले सञ्चालन गरेका स्थानीय बाली विविधता संरक्षण, उन्नत बीउ उत्पादन तथा बजारीकरण र स्थानीय जातमा आधारित खाद्य सामग्री उत्पादन तथा बजारीकरण सम्बन्धी गतिविधि प्रस्तुत गरेका थिए। यसका साथै बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रले संघीय सशर्त अनुदान अन्तर्गत स्थानीय निकायमा सामुदायिक बीउ बैंक सुदृढीकरणका लागि निकासा गरेको रकममा पहुँचको अवस्था, कार्यक्रम सञ्चालनबाट भएका सिकाइ, स्थानीय निकायसँग समन्वयको अवस्था आदि कुराहरू पनि समावेश गरेका थिए। समग्रमा सामुदायिक बीउ बैंकहरूको प्रस्तुतीको सार निम्न अनुसार रहेको थियो।

- स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकार अन्तर्गतका निकायहरूले सामुदायिक बीउ बैंकहरूलाई पहिचान र पुरस्कृत गर्ने कार्य बढ्दो क्रममा रहेको (**उदाहरण :** अन्नपूर्ण सामुदायिक बीउ बैंक, कास्की; घनपोखरा सामुदायिक बीउ बैंक, लमजुङ; शिवगञ्ज सामुदायिक बीउ बैंक, झापा; कचोर्वा सामुदायिक बीउ बैंक, बारा; पिङडाँडा सामुदायिक बीउ बैंक, सिन्धुपाल्चोक; घण्टेश्वर सामुदायिक बीउ बैंक, डोटी; छिप्रा सामुदायिक बीउ बैंक, हुम्ला)।
- सामुदायिक बीउ बैंकहरूले स्थानीय बाली विविधता संरक्षणका लागि विविधता प्रदर्शनी स्थल स्थापना (भाडाको जग्गा, सरकारी निकायसँग समन्वय), स्थानीय बीउ उत्पादन तथा सदस्य र गैरसदस्यहरूलाई नियमित वितरण गर्दा संरक्षण कार्य प्रभावकारी भएको पाइयो (**उदाहरण :** शिवगञ्ज सामुदायिक बीउ बैंक, झापा)।
- केही सामुदायिक बीउ बैंकहरूको हकमा कार्यकारिणी बोर्डका सदस्यले आफ्नै व्यक्तिगत लागतमा आफ्नै जग्गामा धानको स्थानीय जातहरूको विविधता प्रदर्शनी स्थल स्थापना तथा व्यवस्थापन गर्ने गरेका (**उदाहरण :** मसुरिया सामुदायिक बीउ बैंक, कैलाली र चारपाते सामुदायिक बीउ बैंक, मोरङ )।
- वार्षिक रूपमा ३० देखि ५० टन उन्नत बीउ उत्पादन तथा विक्री गर्ने सामुदायिक बीउ बैंक सञ्चालक संस्थाहरूले वार्षिकरूमा तीन लाख देखि पाँच लाख सम्म खुँद नाफा आर्जन गर्ने गरेका र सामुदायिक जैविक विविधता व्यवस्थापन वा अन्य यस्तै कोष परिचालन गरी एक लाख जति थप आयआर्जन गर्ने सामुदियक बीउ बैंकहरू बाह्य सहयोग प्राप्त नभएता पनि एक वा दुइ जना स्थानीय कर्मचारी राखेर संस्थाको नियमति गतिविधहरू सहजरूपमा सञ्चालन गर्न सक्षम भएको पाइयो (**उदाहरण :** शिवगञ्ज सामुदायिक बीउ बैंक, झापा)।
- सामुदायिक बीउ बैंकहरूले संरक्षण गरेका अधिकांश स्थानीय जातहरूको बीउको माग घट्दो अवस्थामा रहेको, केही स्थानीय जातहरू मात्र कृषकहरूले माग गर्ने गरेको अनुभव सहभागिहरूले सुनाए (**उदाहरण :** कचोर्वा सामुदायिक बीउ बैंक, बारा)।
- केही सामुदायिक बीउ बैंकहरूले स्थानीय जातमा आधारित खाद्य वस्तु उत्पादन गरी विक्री गरिरहेको (**उदाहरण :** घनपोखरा सामुदायिक बीउ बैंक, लमजुङ, अन्नपूर्ण सामुदायिक बीउ बैंक, कास्की; जोशीपुर सामुदायिक बीउ बैंक, कैलाली )।
- विभिन्न सामुदायिक बीउ बैंकहरूले स्थानीय निकाय तथा गैरसरकारी संघसंस्थाहरूसँग समन्वय गरी माघ १ गते राष्ट्रिय कृषि जैविक विविधता दिवस मनाउने गरेको (**उदाहरण :** हाँकु सामुदायिक बीउ बैंक, जुम्ला; पिङडाँडा सामुदायिक बीउ बैंक, सिन्धुपाल्चोक; जोशीपुर सामुदायिक बीउ बैंक, कैलाली; अग्यौली सामुदायिक बीउ बैंक, नवलपरासी)।
- सामुदायिक बीउ बैंक सङ्घ नेपालमा आवद्द अधिकांश सामुदायिक बीउ बैंकहरू स्थानीय र उन्नत जातको बीउ उत्पादन तथा बजारीकरणमा संलग्न भएका तर केही सामुदायिक बीउ बैंकहरू स्थानीय बाली विविधता संरक्षण कार्य मात्र सञ्चालन गरिरहेका (**उदाहरण :** घनपोखरा सामुदायिक बीउ बैंक, लमजुङ; तामाफोक सामुदायिक बीउ बैंक, संखुवासभा; चारपाते सामुदायिक बीउ बैंक, मोरङ)।
- केही सामुदायिक बीउ बैंकहरूले कृषि ज्ञान केन्द्रसँग समन्वयमा उल्लेखनीय काम गर्न सकेका (**उदाहरण :** घनपोखरा सामुदायिक बीउ बैंक, लमजुङ; जोशीपुर सामुदायिक बीउ बैंक, कैलाली; पिङडाँडा सामुदायिक बीउ बैंक, सिन्धुपाल्चोक)।

- केही सामुदायिक बीउ बैंकहरूले स्थानीय निकाय तथा गैरसरकारी संघसंस्थासँग समन्वय गरी विद्यालयमा उपलब्ध गराइने दिवा खाजा कार्यक्रमका लागि स्थानीय जातमा आधारित खाद्य वस्तु संकलन गरी आपूर्ति कार्यमा संलग्न भएको (**उदाहरण :** हाँकु सामुदायिक बीउ बैंक, जुम्ला; पिङडाँडा सामुदायिक बीउ बैंक, सिन्धुपाल्चोक)।
- सामुदायिक बीउ बैंक सञ्चालक संस्थाहरूमा पर्याप्त स्रोत साधन नभएकाले सामुदायिक बीउ बैंक सुदृढीकरणका लागि स्थानीय निकाय मार्फत सङ्घीय सरकारद्वारा उपलब्ध गराइएको रकम ५० अनुदानको प्रावधानले अधिकांश सामुदायिक बीउ बैंक सञ्चालक संस्थाहरू उक्त रकम परिचालन गर्न असमर्थ भएको बताए (**उदाहरण :** जोगीमारा सामुदायिक बीउ बैंक, धादिङ)। कतिपय स्थानीय निकायले ढिला सुचना निकाल्ने तथा कतिपयले कार्यक्रम अन्तिम समयमा रद्द गर्ने गरेकाले पनि कतिपय सामुदायिक बीउ बैंकहरूलाई स्रोत उपलब्ध नभएको।
- आन्तरिक तथा बाह्य आर्थिक स्रोत परिचालन गर्न नसकेका केही सामुदायिक बीउ बैंक केही सामुदायिक बीउ बैंकहरू समस्याग्रस्त अवस्थामा रहेका (**उदाहरण :** चारपाते सामुदायिक बीउ बैंक, मोरङ; जुँगु सामुदायिक बीउ बैंक, दोलखा; दलचोकी सामुदायिक बीउ बैंक, ललितपुर; जोगीमारा सामुदायिक बीउ बैंक, धादिङ)।

## सामुदायिक बीउ बैंक सङ्घ नेपालको वार्षिक प्रगति समीक्षा

### नयाँ सदस्यलाई सदस्यताको प्रमाणपत्र वितरण

यो सत्रको शुरूवातमा आ.व. २०८०/२०८१ मा सामुदायिक बीउ बैंक सङ्घ नेपालको सदस्य बनेको सुन्दरीडाँडा सामुदायिक बीउ बैंक, जैविक स्रोत संरक्षण अभियान, पोखरा महानगरपालिका ३१, सुन्दरीडाँडा, कास्कीलाई सदस्यताको प्रमाणपत्र प्रदान गरियो। सामुदायिक बीउ बैंक सङ्घ नेपालमा संस्थाको तर्फबाट संस्थाका सचिव पुष्पराज सुवेदीले प्रतिनिधित्व गर्नेछन्। जैविक स्रोत संरक्षण अभियान, सुन्दरीडाँडा सामुदायिक बीउ बैंकबारेको छोटकरी विवरण यहाँ उपलब्ध छ: https://csbnepal.org/wp-content/uploads/2024/07/Profile_Jaiviksrot_Revised.pdf.

### गत साधारण सभामा छलफल भएका बुँदाहरू कार्यान्वयनको अवस्था

गत साधारण सभामा छलफल भएका विषयवस्तुहरू तथा त्यसको कार्यान्वयनको अवस्था निम्न अनुसार तालिका १ मा प्रस्तुत गरिएको छ।

**तालिका १: गत साधारण सभामा छलफल भएका बुँदाहरू कार्यान्वयनको अवस्था**

| क्र. सं. | छलफल भएका बुँदाहरू | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १. | सामुदायिक बीउ बैंकहरूको प्रोफाइल प्रकाशनका लागि स्थापानाकाल देखि हाल सम्मको प्रगति विवरण पेश गर्ने- | अधिकांश सामुदायिक बीउ बैंकहरूको प्रोफाइल प्राप्त भएको र सामुदायिक बीउ बैंक सङ्घ नेपालको वेबसाइटमा प्रकाशन गरिएको तर केही सामुदायिक बीउ बैंकहरूबाट प्राप्त हुन बाँकी रहेको। |
| २. | सामुदायिक बीउ बैंकहरूमा स्थानीय बीउ भण्डारण प्रविधि, र्याक, सूचना तथा जानकारी व्यवस्थापान, | निम्न सामुदायिक बीउ बैंकहरूमा सामुदायिक बीउ बैंक सङ्घ नेपालसँगको सहकार्यमा स्थानीय बीउ भणडारको अवस्था आंशिक सुधार गरिएको।<br>• तामाफोक सामुदायिक बीउ बैंक, संखुवासभा<br>• चारपाते सामुदायिक बीउ बैंक, मोरङ<br>• जोगीमारा सामुदायिक बीउ बैंक, धादिङ<br>• सुनैलो सामुदायिक बीउ बैंक, दाङ<br>• धौलीगाड सामुदायिक बीउ बैंक, जुम्ला<br>• शिवगञ्ज सामुदायिक बीउ बैंक, झापा<br>• कचोर्वा सामुदायिक बीउ बैंक, बारा<br>• अग्यौली सामुदायिक बीउ बैंक, नवलपरासी (ब.सु.पू.) |

| | | |
|---|---|---|
| ३. | स्थानीय बीउ जीन बैंकमा पठाउने तयारी - पासपोर्ट डाटा र बीउ | राष्ट्रिय जीनबैंकसँग प्रारम्भिक छलफल गरिएको, लीबर्डको समन्वयमा पिङडाँडा सामुदायिक बीउ बैंकबाट राष्ट्रिय जीनबैंकले ६० जात संकलन गरेको। |
| ४. | अनुसूची 'घ' अनुसार दर्ता गर्नयोग्य स्थानीय जातको पहिचान | यसबारे छलफल चलिरहको तर कुनैपनि जात छनोट भइनसकेको |
| ५. | न्युनतम मापदण्डको विकास – जीनबैंक र बाली बिकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रसँग समन्वय, | प्रारम्भिक मस्यौदा तयार गरी बाली बिकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रसँग छलपफल भएको। यसै गोष्ठीले उक्त मस्यौदालाई सामुदायिक बीउ बैंक स्थापना तथा सञ्चालन कार्यविधिमा समावेश गर्ने सहमित भएको। |
| ६. | वेबसाइट बनाउने र होसटिंग गर्ने | सामुदायिक बीउ बैंक सङ्घ नेपालको वेबसाइट www.csbnepal.org नेपाली र अंग्रेजी भाषामा तयार गरि प्रशारण गरिएको |
| ७. | कमजोर सामुदायिक बैंकहरूको अवस्था सुधार | निम्न सामुदायिक बीउ बैंकहरूको सुदृढीकरणका लागि सामुदायिक बीउ बैंक सङ्घ नेपालले विकास कोष नर्वेबाट ली-बर्ड मार्फत प्राप्त आर्थिक स्रोत र प्राविधिक सहयोग उपलब्ध गराएको।<br>• तामाफोक सामुदायिक बीउ बैंक, संखुवासभा<br>• चारपाते सामुदायिक बीउ बैंक, मोरङ<br>• जोगीमारा सामुदायिक बीउ बैंक, धादिङ<br>• सुनैलाो सामुदायिक बीउ बैंक, दाङ<br>• धौलीगाड सामुदायिक बीउ बैंक, जुम्ला |
| ८. | गण्डकी प्रदेशका कृषि प्राविधिकहरूलाई सामुदायिक बीउ बैंक व्यवस्थापन तालिम | • ली-बर्डसँग सहकार्यमा यो तालिम सञ्चालन गर्ने सहमित भएता पनि त्यसतर्फ पहल नभएको। तर तालिम केन्द्रले स्थानीय निकाय तथा कृषि ज्ञान केन्द्रका कर्मचारीहरूलाई दिएको जलवायु मैत्री कृषि तालिम अन्तर्गत अनलाईन मार्फत एउटा सेसन सहजिकरण गरेको। |
| ९. | बाली विकास तथा कृषि जैविक विविधता संरक्षणसँग साझेदारीमा संचालन गरिने क्रियाकलापहरू | • नेपालका सम्पूर्ण सामुदायिक बीउ बैंकहरूको वार्षिक प्रगति समिक्षा, अनुभव तथा सिकाई आदान प्रदान र नीति सम्वाद गोष्ठी सञ्चालन गरिएको,<br>• 'सामुदायिक बीउ बैंक स्थापना तथा संचालन मापदण्डलाई कार्यविधिका रुपमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट जारी गर्न पहल गर्ने सम्बन्धमा यसै गोष्ठीमा छलफल र सहमति भएको,<br>• सामुदायिक बीउ बैंकहरूको सूचीकरण तथा वार्षिक विवरण अध्यवाधी गर्ने व्यवस्था कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जारी गर्ने कार्यविधिमा समावेश गर्ने सहमति भएको। |

# वार्षिक प्रगित विवरण २०८०/०८१

कार्यक्रममा सामुदायिक बीउ बैंक सङ्घ नेपालको आर्थिक वर्ष २०८०/०८१ को निम्न अनुसारको वार्षिक प्रगति विवरण सङ्घका कार्यक्रम सल्लाहकार पीताम्बर श्रेष्ठले प्रस्तुत गर्नु भएको थियो।

## सामुदायिक बीउ बैंक सङ्घ नेपालको आन्तरिक सुदृढीकरण

सामुदायिक बीउ बैंक सङ्घ नेपालको स्थापना वि.सं. २०७६ सालमा भएता पनि यसको आन्तरिक सुशासन तथा व्यवस्थापन पक्षमा धेरै काम गर्नु बाँकी नै रहेको सन्दर्भमा आ.व. २०८०/०८१ मा सङ्घको आर्थिक विवरण सफ्टवयरमा आधारित लेखा प्रणालीमा प्रविष्ट गर्ने कार्य थालनी गरिएको छ। यसका लागि सामुदायिक बीउ बैंक सङ्घ नेपालले Whetstone Associates Pvt. Ltd, काठमाडौंसँग सम्झौता गरी उक्त कम्पनीले उपलब्ध गराएको सरल बुक्स सफ्टवयर (https://saralbooks.com/) प्रयोग गरिएको छ। यसले संस्थाको आर्थिक पारदर्शिता तथा सुशासन कायम गर्न मद्दत पुगेको छ भने अनलाईन प्रणाली भएकाले यसमा प्रविष्ट जानकारी संसारको कुनैपनि भागबाट कुनैपनि समयमा हेर्न र व्यवस्थापन गर्न सकिने भएको छ।

त्यसैगरी यसअघि तयारपारिएको लेखा प्रणाली निर्देशिका २०७७ **(Accounting Manual 2077)**, वित्तीय व्यवस्था निर्देशिका २०७७**(Financial Manual 2077)** र कर्मचारी प्रशासन निर्देशिका २०७७ **(Staff Administration Manual 2077)** मा पनि केही संशोधन गरी समयसापेक्ष बनाउने प्रयास गरिएको छ। त्यसैगरी संस्थाका संचालकहरू विभिन्न प्रदेशमा छरिएर रहेकाले भौतिक उपस्थितिमा नियमित बैठक सम्भव नहुने र आवश्यक पनि नहुने भएकाले आवश्यकता अनुसार अनलाईन प्रणालीबाट सञ्चालक समितिको बैठक बस्ने गरिएको छ।

सामुदायिक बीउ बैंक सङ्घले सञ्चालन गर्ने नियमित क्रियाकलापहरू कार्यान्वयनका लागि हालसम्म कुनै कर्मचारी नभएको र कर्मचारीको आवश्यकता पनि नभएकाले हाललाई सल्लाहकार मार्फत काम गर्ने परिपाटीको थालनी गरिएको छ। यसमा प्राविधिक तर्फको काम कार्यक्रम सल्लाहकार श्री पीताम्बर श्रेष्ठले र आर्थिक तथा प्रशासन सम्बन्धी काम वित्तीय तथा प्रशासन सल्लाहकार श्री शशिभुषण प्रधानले सञ्चालन गरिरहेका छन्। संस्थाका लागि आवश्यक थप सल्लाहका लागि डा. सजल रत्न स्थापितलाई पनि कार्यक्रम सल्लाहकार र डा. रोनी भर्नोइलाई मानार्थ सल्लाहकारको रूपमा राखिएको छ (https://csbnepal.org/advisors/)।

## सदस्य सामुदायिक बीउ बैंकहरूको सुदृढीकरण तथा स्तरोन्नती

गैरसरकारी नियकामार्फत दातृनियकाहरूले दिने सहयोग अन्त्य भएपछि केही सामुदायिक बीउ बैंकहरू यथावतरूपमा सञ्चालनमा रहेका छन् भने कतिपय सामुदायिक बीउ बैंकहरूको अवस्था खस्कँदो अवस्थामा रहेको पाइन्छ। खासगरी आर्थिकस्रोत जुटाउन पर्याप्त अन्तरिक तथा बाह्य स्रोत परिचालन गर्न सक्षम सामुदायिक बीउ बैंकहरू उनीहरूले सञ्चालन गर्नुपर्ने स्थानीय बाली विविधता संरक्षण, सदस्यहरूको आयआर्जन लगायतका गतिविधि नियमितरूपमा सञ्चालन गरिरहेका छन्। सामुदायिक बीउ बैंक सङ्घ नेपालको एउटा उद्देश्य सदस्य सामुदायिक बीउ बैंकहरूको क्षमता विकास गर्नु भएकाले आर्थिक वर्ष २०८०/०८१ मा ली-बर्ड मार्फत विकास कोष, नर्वेबाट प्राप्त आर्थिक सहयोगबाट तालिका २ अनुसारका सामुदायिक बीउ बैंकहरूलाई सहयोग उपलब्ध गराइएको थियो ।समग्रमा सामुदायिक बीउ बैंक सङ्घ नेपालबाट भएको सहयोगले सामुदायिक बीउ बैंकहरूको अवस्था स्तरोन्नती गर्न टेवा पुगेको छ।

**तालिका २: सामुदायिक बीउ बैंक सङ्घ नेपालबाट सदस्य सामुदायिक बीउ बैंकहरूको स्तरोन्नतीका लागि उपलब्ध गराइएको सहयोग विवरण**

| क्र. सं. | सामुदायिक बीउ बैंकको नाम तथा ठेगाना | सहयोग रकम रू. | सहलगानी रू. | सञ्चालन गरिएका मुख्य क्रियाकलापहरू |
|---|---|---|---|---|
| **पहिलो चरणमा सहयोग प्राप्त गरेका सामुदायिक बीउ बैंकहरू** | | | | |
| १. | तामाफोक सामुदायिक बीउ बैंक, धर्मदेवी नगरपालिका २, तामाफोक, संखुवासभा | ६०,००० | श्रमदान मात्र | थप स्थानीय बीउ खरिद, बीउ भण्डारण व्यवस्थापन, साइनबोर्ड तयारी |
| २. | चारपाते सामुदायिक बीउ बैंक, ग्रामथान गाउँपालिका १, लखन्तरी, मोरङ | ६०,००० | श्रमदान मात्र | थप स्थानीय बीउ खरिद, बीउ भण्डारण व्यवस्थापन, साइनबोर्ड तयारी, डिजिटल तराजु र कुर्सी खरिद |
| ३. | जोगीमारा सामुदायिक बीउ बैंक, मझिमटार, बेनीघाट रोराङ गाउँपालिका, धादिङ, | ६०,००० | श्रमदान मात्र | थप स्थानीय बीउ खरिद, बीउ भण्डारण व्यवस्थापन, र्याक तयारी, स्टेसनरी तथा सरसफाइ |
| ४. | सुनैलाो सामुदायिक बीउ बैंक, घोराही उपमहानगरपालिका, दाङ | ६०,००० | श्रमदान मात्र | थप स्थानीय बीउ खरिद, बीउ भण्डारण सामग्री खरिद, तालिम, कार्य समितिको बैठक |
| ५. | धौलीगाड सामुदायिक बीउ बैंक, तातोपानी गाउँपालिका ५, ऐरेनी, जुम्ला | ६०,००० | श्रमदान मात्र | स्थानीय जातका बीउ तथा स्थानीय जातमा आधारित खाद्यान्न खरिद/संकलन तथा बजारीकरण |
| **दोस्रो चरणमा सहयोग प्राप्त गरेका सामुदायिक बीउ बैंकहरू** | | | | |
| ६. | शिवगञ्ज सामुदायिक बीउ बैंक, शिवसताक्षी नगरपालिका ७, चन्द्रडाँगी, झापा | ५०,००० | ४५,००० | नयाँ र्याक तयारी तथा हावाबन्द शिसाका बट्टा खरिद, पी.आइ.सी.एस. बोरा खरिद, स्टिकर छपाइ आदि । |
| ७. | कचोर्वा सामुदायिक बीउ बैंक, सिम्रौनगढ नगरपालिका ८, कचोर्वा, बारा | ५०,००० | ३३,००० | नयाँ र्याक तयारी तथा हावाबन्द शिसाका बट्टा खरिद, स्टिकर छपाइ तथा प्रयोग आदि । |
| ८. | अग्यौली सामुदायिक बीउ बैंक, कावासोती नगरपालिका १४, अग्यौली, नवलपरासी (ब.सु.पू.) | ५०,००० | २५,००० | पुरानो र्याक मर्मत, हावाबन्द बट्टा खरिद, स्टिकर छपाइ तथा प्रयोग आदि । |
| | **जम्मा रू** | **४५०,०००** | **१०३,०००** | |

## राष्ट्रिय कृषि जैविक विविधता सप्ताह २०८० मा सहभागी

सामुदायिक बीउ बैंक सङ्घ नेपाल बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रले आयोजना गरेको राष्ट्रिय कृषि जैविक विविधता सप्ताह २०८० का विभिन्न क्रियाकलापहरू सञ्चालनमा सहभागी भयो। राष्ट्रिय कृषि जैविक विविधता सप्ताह २०८० को चौथो दिन अर्थात माघ ४ गते कृषि विभागमा मूल समारोह आयोजना गरिएको थियो। सो अवसरमा कृषि विभागको प्राङ्गणमा आयोजना गरिएको कृषि जैविक विविधता प्रदर्शनीमा प्रत्येक प्रदेशबाट एक एक सामुदायिक बीउ बैंकहरूलाई सामुदायिक बीउ बैंकले संरक्षण गरेका स्थानीय बाली विविधता सहित सहभागी गराईएको थियो। प्रदर्शनीमा प्रदेश अनुसार निम्न अनुसारका सामुदायिक बीउ बैंकहरू सहभागी भएका थिए।

- **कोशी प्रदेश :** शिवगञ्ज सामुदायिक बीउ बैंक, शिवसताक्षी नगरपालिका ७, चन्द्रडाँगी, झापा
- **मधेश प्रदेश :** कचोर्वा सामुदायिक बीउ बैंक, सिम्रौनगढ नगरपालिका ८, कचोर्वा, बारा

- **बाग्मती प्रदेश :** पिङडाँडा सामुदायिक बीउ बैंक, सुनकोशी गाउँपालिका २, सिन्धुपाल्चोक
- **गण्डकी प्रदेश :** घनपोखरा सामुदायिक बीउ बैंक, मर्स्याङ्दी गाउँपालिका २, लमजुङ
- **लुम्बिनी प्रदेश :** बेलवा सामुदायिक बीउ बैंक, बाँसगढी नगरपालिका, बेलवा, बर्दिया
- **कर्णाली प्रदेश :** धौलीगाड सामुदायिक बीउ बैंक, तातोपानी गाउँपालिका ५, ऐरेनी, जुम्ला
- **सुदुरपश्चिम प्रदेश :** घण्टेश्वर सामुदायिक बीउ बैंक, जोरायल गाउँपालिका १, गैरा, डोटी

नेपाल सरकारले वि.सं. २०७९ देखि माघ महिनाको पहिलो हप्ता "राष्ट्रिय कृषि जैविक विविधता सप्ताह" मनाउन शुरू गरेको हो। यसको नेतृत्व कृषि विभाग अन्तर्गतको बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रले गर्दछ। सो अवसरमा केन्द्रले वि.सं. २०७९ देखि नै सामुदायिक बीउ बैंकहरूलाई उनीहरूले स्थानीय बाली विविधता संरक्षणमा योगदान पुर्याएवापत नगद रू. २५,००० र प्रमाणपत्र दिएर कदर गर्न शुरू गरेको थियो। पहिलो पटक यो पुरस्कार कास्की जिल्लामा अवस्थित जैविक स्रोत संरक्षण अभियानलाई प्रदान गरिएको थियो। वि.सं. २०८० मा भने यो पुरस्कार सात वटै प्रदेशबाट एक-एक वटा सामुदायिक बीउ बैंक तथा कृषक समूहहरूलाई प्रदान गरियो जस्मध्ये पाँचवटा प्रदेशबाट सामुदायिक बीउ बैंक सङ्घमा आवद्ध निम्न सामुदायिक बीउ बैंकहरू पुरस्कृत भएका थिए।

- **कोशी प्रदेश :** शिवगञ्ज सामुदायिक बीउ बैंक, शिवसताक्षी नगरपालिका ७, चन्द्रडाँगी, झापा
- **मधेश प्रदेश :** कचोर्वा सामुदायिक बीउ बैंक, सिम्रौनगढ नगरपालिका ८, कचोर्वा, बारा
- **बाग्मती प्रदेश :** पिङडाँडा सामुदायिक बीउ बैंक, सुनकोशी गाउँपालिका २, सिन्धुपाल्चोक
- **गण्डकी प्रदेश :** घनपोखरा सामुदायिक बीउ बैंक, मर्याङ्दी गाउँपालिका २, लमजुङ
- **सुदुरपश्चिम प्रदेश :** घण्टेश्वर सामुदायिक बीउ बैंक, जोरायल गाउँपालिका १, गैरा, डोटी

बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र तथा सामुदायिक बीउ बैंक सङ्घ नेपाल र ली-बर्डको समन्वयमा "राष्ट्रिय कृषि जैविक विविधता सप्ताह २०८०" को छैटौं दिन अर्थात माघ ६ गते पिङडाँडा सामुदायिक बीउ बैंक, सिन्धुपाल्चोकमा कृषि जैविक विविधता प्रदर्शनी मेला आयोजना गरी मनाइयो। यो मेलामा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सहसचिव डा. रामकृष्ण श्रेष्ठ, बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रका प्रमुख श्री मेघनाथ तिमिल्सिना तथा वरिष्ठ माटो विज्ञ श्री बलराम रिजाल सहभागी हुनु भएको थियो भने सुनकोशी गाउँपालिकाका अध्यक्ष श्री टपिन्द्र प्रसाद तिमल्सिना लगायत सबैवडाका वडा अध्यक्षहरू सहभागि भएका थिए। कृषि जैविक विविधता प्रदर्शनी मेलामा सुनकोशी गाउँपालिकाको सात वटै वडाका कृषक समूह तथा कृषि सहकारीहरूले स्थानीय बाली विविधता प्रदर्शन गरेका थिए। कृषि जैविक विविधता प्रदर्शनी मेला आयोजनाका लागि आवश्यक आर्थिक स्रोत बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र, ली-बर्ड र सुनकोशी गाउँपालिकाबाट जुटाइएको थियो।



## नेपालका सामुदायिक बीउ बैंकहरूको वर्तमान अवस्था र भावी योजना तर्जुमा गोष्ठी

सामुदायिक बीउ बैंक सङ्घ नेपालले ली-बर्डसँग सहकार्य गरी मिति २०८० पुस १३ र १४ गते ललितपुरको नक्खुमा नेपालका सामुदायिक बीउ बैंकहरूको वर्तमान अवस्था र भावी योजना विषयमा गोष्ठी आयोजना गरिएको थियो। यसबारेको प्रतिवेदन सामुदायिक बीउ बैंक नेपालको वेबसाइटमा उपलब्ध छ (https://csbnepal.org/wp-content/uploads/2024/07/CSB-Association-meeting-Report_Final.pdf)। यस गोष्ठीले स्थानीय बाली विविधता संरक्षण तथा उपयोग सम्बन्धी काम गर्ने सरकारी तथा गैरसरकारी निकायहरूमा सामुदायिक बीउ बैंक सङ्घ नेपालको पहिचान स्थापना गर्न मद्दत पुर्याएको छ भने बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रसँग संस्थागतरूपमा सहकार्य प्रारम्भ भएको छ। गोष्ठी लगत्तै बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रले सामुदायिक बीउ बैंक सङ्घ नेपाललाई माथि उल्लिखित अनुसार "राष्ट्रिय कृषि जैविक विविधता सप्ताह २०८०" का विविध क्रियाकलापहरूमा सहभागि गराएको थियो भने सामुदायिक बीउ बैंकहरूको सुचीकरण तथा वार्षिक विवरण अध्यावधी गर्ने, स्थानीय बाली विविधता संरक्षण कार्यमा संलग्न सामुदायिक बीउ बैंकहरूको वार्षिक बैठक आयोजना गर्ने, बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रबाट स्थानीय निकायमा कृषि जैविक विविधता संरक्षण तथा उपयोगका लागि विनियोजन हुने रकम परिचालन सम्बन्धी कार्यविधिको संशोधन गर्ने र सामुदायिक बीउ बैंक सञ्चालन मापदण्ड बनाई कार्यविधिकारूमा जारी गर्ने जस्ता विषयहरूमा क्रमशः छलफल गरी अघि बढाउने सहमति भएको थियो।

## राष्ट्रिय तथा अन्तराष्ट्रिय गोष्ठी, सभा तथा सम्मेलनमा सहभागि

सन् २०२३ को सेप्टेम्बर महिनाको १२ देखि १५ तारिख (२०८० भदौ २६ देखि २९) सम्म भारतको नयाँ दिल्लीमा अन्तर्राष्ट्रिय कृषक अधिकार महासम्मेलन **(Global Symposium on Farmers' Rights**) आयोजना भएको थियो। यसको आयोजना भारत सरकार र विश्व खाद्य तथा कृषि संगठन अन्तर्गतको "वानस्पतिक आनुवंशिक स्रोत सम्बन्धी अन्तर्राष्ट्रिय सन्धी" **(International Treaty on Plant Genetic Resources for Food and Agriculture-ITPGRFA)** ले गरेको थियो। गोष्ठीमा कृषक अधिकार सम्बन्धी अनुभव तथा उपलब्धीबारे नेपालको अनुभव प्रस्तुतीका लागि सामुदायिक बीउ बैंक सङ्घ नेपाललाई पनि निमन्त्रणा गरिएको थियो र सोही अनुसार सङ्घ र ली-बर्डको तर्फबाट कार्यक्रम सल्लाहकार श्री पीताम्बर श्रेष्ठले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। अन्तर्राष्ट्रिय मन्चमा सामुदायिक बीउ बैंक सङ्घलाई चिनाउने यो पहिलो अवसर थियो। यस महासम्मेलनबारे "वानस्पतिक आनुवंशिक स्रोत सम्बन्धी अन्तर्राष्ट्रिय सन्धी" सचिवालयले तयार पारेको संक्षिप्त प्रतिवेदन यहाँ हेर्न सकिन्छ https://openknowledge.fao.org/server/api/core/bitstreams/b919aff0-2e4e-4dea-a7cc-5f2dee65b59b/content भने विस्तृत प्रतिवेदन तयारीको क्रममा रहेको छ।




सन् २०२४ को फेब्रुवरी महिनाको १५ देखि १९ सम्म काठमाडौंमा सम्पन्न विश्व सामाजिक मञ्च महासम्मेलनको तेस्रो दिन अर्थात १७ तारिखमा ली-बर्ड, अक्स्फाम र डब्लु.एच.एच.ले संयुक्तरूपमा सामुदायिक बीउ बैंक **(Recognizing Community Seed Bank to Promote Food Security, Seed Sovereignty and Farmers' Rights, and building Resilience of Smallholders)** विषयमा सहायक गोष्ठी (Side event) आयोजना गरेका थिए। यसमा सामुदायिक बीउ बैंक सङ्घको तर्फबाट प्रमुख वक्ताका रूपमा कार्यक्रम सल्लाहकार पीताम्बर श्रेष्ठले र प्यानल सदस्यका रूपमा सन्चालकद्वय श्री पार्वती भणडारी र डिल्ली प्रसाद पौडेलले आ-आफ्ना अनुभव प्रस्तुत गरेका थिए। कार्यक्रमको अध्यक्षता कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सहसचिव डा. हरि बहादुर के.सी.ले गर्नु भएको थियो भने अन्य प्यानल सदस्यहरूमा ली-बर्डका कार्यकारी निर्देशक श्री भरत भणडारी, डब्लु.एच.एच. नेपालका निर्देशक सकेब नबी र अक्स्फामका प्रकाश काफ्ले रहेका थिए भने कार्यक्रम सञ्चालन श्री अनिता गौतम र समूह छलफल वायोभर्सिटीका डा. देवेन्द्र गौचनले गर्नु भएको थियो।

सामुदायिक बीउ बैंक सङ्घ नेपाल विश्व खाद्य तथा कृषि संगठन अन्तर्गतको "वानस्पतिक आनुवंशिक स्रोत सम्बन्धी अन्तर्राष्ट्रिय सन्धी" को कृषक अधिकार सम्बन्धी प्रावधान भएको धारा ९ को कार्यान्वयन सम्बन्धमा बनेको विज्ञ समूह **(Ad Hoc Technical Expert Group on Farmers' Rights)** को सदस्य रहेको छ। यसमा सामुदायिक बीउ बैंक सङ्घ नेपालका कार्यक्रम सल्लाहकार पीताम्बर श्रेष्ठले प्रतिनिधित्व गर्दछन्। दुई वर्षका लागि गठन गरिएको यो समूहको दुईवटा बैठक बस्दछ भने पहिलो बैठक सन् २०२४ को जुन महिनाको २४ देखि २६ तारिख सम्म इटालीको रोममा सम्पन्न भएको थियो। उक्त बैठकमा पीताम्बर श्रेष्ठ सहभागि हुनुभएको थियो। विज्ञ समूहको मुख्य काम निम्न अनुसार रहेका छन्,

- सदस्य राष्ट्र तथा निकायहरूले कृषक अधिकार सम्बन्धी धारा कार्यान्वयनको अवस्थाबारे उनीहरूले सचिवालयमा बुझाएका प्रतिवेदनलाई आधार बनाएर मुल्याङ्कनका लागि मुल्याङ्कन विधी र प्रक्रिया तय गर्ने,
- कृषक अधिकार सम्बन्धी धारा कार्यान्वयनको अवस्थाबारेको मुल्याङ्कन प्रतिवेदन पुनरावलोकन गरी "वानस्पतिक आनुवंशिक स्रोत सम्बन्धी अन्तर्राष्ट्रिय सन्धी" को एघारौं महासभाका लागि त्यसको निष्कर्ष तयार पार्ने र
- कृषक अधिकार सम्बन्धी धारा कार्यान्वयनका लागि यस अघि तयार पारिएको "विकल्पहरूको संगालो "Options" दस्तावेज कार्यान्वयनका उपाहयहरूबारे एघारौं महासभाका लागि सुझाउ तयार पार्ने।

## सामुदायिक बीउ बैंक व्यवस्थापन तालिम

नेपालमा सामुदायिक बीउ बैंक स्थापना सम्बन्धी कार्य विस्तारका लागि सामुदायिक बीउ बैंक सङ्घ नेपालले मागमा आधारित सामुदायिक बीउ बैंक स्थापना तथा व्यवस्थापन तालिम सहजिकरण सेवा प्रदान गर्दछ।आ.व. २०८०/२०८१ मा सामुदायिक बीउ बैंक सङ्घ नेपालले तीनवटा तालिम र एउटा सेसन सहजिकरण गर्यो। पहिलो तालिम साहस नेपालका कर्मचारीहरूका लागि २०८१ बैशाख ५ देखि ८ गते सम्म चितवनको सौराहामा सञ्चालन गरिएको थियो। त्यसैगरी दोस्रो तालिम सामाजिक सेवा अध्ययन केन्द्र, काठमाडौंमा उनीहरूका कर्मचारी र कृषकहरूका लागि २०८१ जेठ १७ देखि १९ गते सम्म ललितपुरको नक्खुमा अवस्थित सामाजिक सेवा अध्ययन केन्द्रकै स्रोत केन्द्रमा सञ्चालन गरिएको थियो भने तेस्रो तालिम सामुदायिक बीउ बैंक संघ नेपालका सदस्य सामुदायिक बीउ बैंकहरूका लागि २०८१ जेठ ११ देखि १३ गते सम्म पोखरामा सञ्चालन गरिएको थियो। साथै गण्डकी प्रदेशको कृषि व्यावसाय प्रवर्धन तथा तालिम केन्द्रले स्थानीय निकायका प्राविधिकहरूका लागि सञ्चालन गरेको जलवायु मैत्री कृषि सम्बिन्धी एक हप्ते तालिममा एउटा सेसन सामुदायिक बीउ बैंक विषयमा अनलाईन विधिबाट २०८१ बैशाख २१ गते सञ्चालन गरिएको थियो । यी सबै तालिमहरू सामुदायिक बीउ बैंक सङ्घका कार्यक्रम सल्लाहकार पीताम्बर श्रेष्ठले सञ्चालन गर्नु भएको थियो। यी तालिमहरू सञ्चालन पश्चात नेपालमा थप २० वटा सामुदायिक बीउ बैंकहरू स्थापना तथा सुदृढीकरणको प्रक्रिया थालनी गरिएको छ भने यस विषयमा काम गर्नका लागि थप प्राविधिक जनशक्तिको विकास गर्न टेवा पुगेको छ। त्यसैगरी यी तालिमहरूका माध्यमबाट सामुदायिक बीउ बैंक सङ्घ नेपालको पहिचान वृद्दिमा पनि मद्दत पुगेको छ।

## सामुदायिक बीउ बैंक तथा स्थानीय निकायबिच समन्वय

सामुदायिक बीउ बैंक सङ्घ नेपालले यसका सदस्य सामुदायिक बीउ बैंकहरूको क्षमता विकास तथा सरोकारवाला निकायहरूसँग समन्यवका लागि सहजिकरण गर्दछ। यसक्रममा आ.व. २०८०/२०८१ भए गरेका प्रयास तथा उपलब्धीहरू तालिका ३ मा प्रस्तुत गरिएको छ।




**तालिका ३: सामुदायिक बीउ बैंक सङ्घ नेपालले सहजिकरणका लागि गरेका प्रयासहरू तथा त्यसको नतिजा**

| क्र. सं. | सामुदायिक बीउ बैंक | सहजिकरणका लागि गरेका प्रयासहरू | परिणाम |
|---|---|---|---|
| १. | तामाफोक सामुदायिक बीउ बैंक, धर्मदेवी नगरपालिका, संखुवासभा | पालिका उपप्रमुख र वडा अध्यक्षसँग भेटघाट तथा अन्तर्क्रिया, प्रस्तावना लेखन, कृषि जैविक विविधता संरक्षण तथा उपयोगका लागि सामुदायिक बीउ बैंकको भूमिका विषयमा एक दिने अन्तर्क्रिया कार्यक्रम सहजिकरण | नगरपालिकाद्वारा तामाफोक सामुदायिक बीउ बैंक पाँच लाख सामुदायिक बीउ बैंक सुदृढीकरणका लागि प्रदान |
| २. | शिवगञ्ज सामुदायिक बीउ बैंक, शिवसताक्षी नगरपालिका, झापा | नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, कृषि शाखाका कर्मचारी सहितको टिमसँग भेटघाट तथा अन्तर्क्रिया | नगरपालिद्वारा २४५,००० सहयोग |
| ३. | चारपाते सामुदायिक बीउ बैंक, ग्रामथान गाउँपालिका, मोरङ | वडा अध्यक्ष र कृषि शाखा प्रमुखसँग भेटघाट तथा अन्तर्क्रिया | गाउँपालिकाबाट कुनैपनि सहयोग नभएको |
| ४. | सुनैलाो सामुदायिक बीउ बैंक, घोराही उपमहानगरपालिका, दाङ | घोराही उपमहानगरपालिकासँग समन्वयका प्रस्तावना लेखन | उपमहानगरपालिद्वारा र्याक तयारीका लागि सहयोग |
| ५. | धौलीगाड सामुदायिक बीउ बैंक, तातोपानी गाउँपालिका ५, ऐरेनी, जुम्ला | ६०,००० | स्थानीय जातका बीउ तथा स्थानीय जातमा आधारित खाद्यान्न खरिद/ संकलन तथा बजारीकरण |

## सुचना प्रविधि र प्रकाशन

सामुदायिक बीउ बैंक सङ्घ नेपालले यसको आफ्नो र सदस्य सामुदायिक बीउ बैंकहरूको संस्थागत पहिचान, सुचना सामग्री तथा प्रकाशनहरू प्रशारण तथा विस्तारका लागि वेबसाइट www.csbnepal.org तयार गरेको छ। सामुदायिक बीउ बैंक सम्बन्धी काम गर्ने र यस विषयमा अध्ययन, अनुसन्धान गर्न चाहने व्यक्ति र संस्थाहरूका लागि यो वेबसाइट उपयोगी हुने विश्वास गरिएको छ। यो वेबसाइट नेपाली र अंग्रजी दुवै भाषामा तयार गरिएको छ।




आ.व. २०८०/२०८१ मा सामुदायिक बीउ बैंक सङ्घ नेपाल विभिन्न निकायहरूसँग साझेदारी तथा समन्वयमा निम्न अनुसारका प्रकाशनहरू प्रकाशन कार्यमा संलग्न भएको थियो।

- **कृषि जैविक विविधता संरक्षण तथा उपयोग : असल अभ्यासहरू**
- **कोदोबालीका स्थानीय जातहरू संरक्षणमा सामुदायिक बीउबैंकबाट भएका प्रयासहरू**
- **सामुदायिक बीउ बैंक संघ नेपालको गोष्ठी प्रतिवेदन**
- **सामुदायिक बीउ बैंक तालिम निर्देशिका (मस्यौदा)**



# सामुदायिक बीउ बैंक संघ नेपालको आर्थिक प्रगति समीक्षा

आ.व. २०८०/२०८१ को सामुदायिक बीउ बैंक सङ्घ नेपालको आयव्यय तालिका ४ मा प्रस्तुत गरिएको छ।

**तालिका ४: आ.व. २०८०/२०८१ को सामुदायिक बीउ बैंक सङ्घ नेपालको आयव्यय विवरण**

**सामुदायिक बीउ बैंक नेपाल**
काबासोति-१४, नवलपरासी
वित्तिय स्थितीको विवरण
२०८१ साल आषाढ ३१ को

| विवरण | अनूसुची | यस बर्षको रकम रु | गत बर्षको रकम रु |
|---|---|---|---|
| सम्पत्ति | | | |
| जायजेथा, प्लान्ट तथा उपकरण | ४.१ | २९०,८१५।४३ | १०७,७५३।९१ |
| चालू सम्पत्ति: | | | |
| अन्य लिन बाँकी | ४.२ | ३००,९२९।७४ | ४००,०००।०० |
| परियोजनाबाट पाउनु पर्ने रकम | | ५३,१४९।५१ | ०।०० |
| अग्रीम कर | | १६,२००।०० | ०।०० |
| नगद तथा बैंक मौज्दात | | १६२,९६९।०९ | १२१,०७९।०० |
| चालु सम्पत्तिको जम्मा | | ५३३,२४८।३४ | ५२१,०७९।०० |
| कुल सम्पत्ति | | ८२४,०६३।७७ | ६२८,८३२।९१ |
| | | | |
| पूंजी तथा दायित्व | | | |
| इक्विटी | | | |
| पूंजी कोष | | २०६,५००।०० | १८६,५००।०० |
| जगेडा तथा कोष | ४.३ | (१२२,८६८.०७) | (६८,६६७.०९) |
| कुल इक्विटी | | ८३,६३१।९३ | ११७,८३२।९१ |
| | | | |
| गैर चालु दायित्व: | | | |
| पुँजीगत सम्पत्ती कोष हिसाब | | २८५,९३७५० | १३५,०००।०० |
| बीउपुंजी कोष | | ३५०,०००।०० | ३५०,०००।०० |
| कुल गैर चालु दायित्व | | ६३५,९३७५० | ४८५,०००।०० |
| | | | |
| चालु दायित्व: | | | |
| अन्य दायित्व | ४.४ | १०४,४९४।३४ | २६,०००।०० |
| चालु दायित्वको जम्मा | | १०४,४९४।३४ | २६,०००।०० |
| कुल पूंजी तथा दायित्व | | ८२४,०६३।७७ | ६२८,८३२।९१ |

यसै साथ संलग्न हाम्रो प्रतिवेदन अनुसार

पार्वती भण्डारी
अध्यक्ष

हिम बहादुर आचार्य
सदस्य

डिल्ली पौडेल
सदस्य

(विकाश वैद्य)
वि. बी. वैद्य एण्ड एसोसिएट्स
रजिष्टर्ड अडिटर्स

# सामुदायिक बीउ बैंक संघ नेपालको आ.व. २०८१/२०८२ को वार्षिक योजना तथा बजेट

**आ.व. २०८१/२०८२ को सामुदायिक बीउ बैंक सङ्घ नेपालको वार्षिक योजना तथा बजेट तालिका ५ मा प्रस्तुत गरिएको छ।**

**तालिका ५ : आ.व. २०८१/२०८२ को सामुदायिक बीउ बैंक सङ्घ नेपालको वार्षिक योजना तथा बजेट**

| क्र. सं. | क्रियाकलाप तथा बजेट शिर्षक | इकाइ | दर प्रति इकाइ रू. | जम्मा बजेट रू. |
|---|---|---|---|---|
| १. | **सामुदायिक बीउ बैंक पद्दतिको मूलप्रवाहीकरण** | | | |
| १.१ | बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र र ली-बर्डसँग सहकार्यमा वार्षिक प्रगति समीक्षा तथा योजना तर्जुमा गोष्ठी | १ | १२५,०० | १२५,०० |
| १.२ | बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र र ली-बर्डसँग सहकार्यमा प्रदेश स्तरीय नीति सम्वाद कार्यक्रम आयोजना | २ | १००,०० | २००,०० |
| **२.** | **स्थानीय बाली विविधता संरक्षण, उपयोग र प्रवर्धन** | | | |
| २.१ | न्युनतम मापदण्ड अनुसार सामुदायिक बीउ बैंक सञ्चालनका लागि योजना तर्जुमा गर्न सहजिकरण | ७ | ४०,०० | २८०,०० |
| २.२ | सामुदायिक बीउ बैंकहरुले संरक्षण् गरेका जातहरु मध्ये दोहोरोपन हटाएर परस्थानीय संरक्षणका लागि राष्ट्रिय जीनबैंकमा पासपोर्ट डाटा सहति पठाउने | २० | ९,५०० | १८०,०० |
| २.३ | बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रबाट स्थानीय बाली विविधता संरक्षणका लागि विनियोजित बजेट परिचालनका लागि प्राविधिक सहयोग | २ | ४०,०० | ८०,०० |
| २.४ | बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रसँग सहकार्यमा उत्कृष्ट स्थानीय स्थानीय जात पञ्जिकरणका लागि डाटा संकलन तथा प्रस्तावना लेखन सहजिकरण | ५०,००० | २५,००० | पुरानो र्याक मर्मत, हावाबन्द बट्टा खरिद, स्टिकर छपाइ तथा प्रयोग आदि। |
| २.५ | बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रसँग सहकार्यमा सामुदायिक बीउ बैंक स्थापना तथा संचालन कार्यविधि तयारी | | | |
| २.६ | मागमा आधारित सामुदायिक बीउ बैंक स्थापना तथा व्यवस्थापन तालिम सञ्चालन | | | |
| **३** | **सुचना संकलन, प्राविधिक तथा आर्थिक प्रतिवेदन तयारी र प्रकाशन** | | | |
| ३.१ | बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रसँग सहकार्यमा नेपालका सामुदायिक बीउ बैंकहरूको विवरण अद्यावधी | | | |
| ३.२ | सामुदायिक बीउ बैंक संघ नेपालका सदस्यहहरुको सन् २०२४ को तथ्याङक अद्यावधी गर्ने | १ | १०,००० | १०,००० |
| ३.३ | कृषक अधिकार गोष्ठीमा सहभागि (TPGRFA) | १ | ४५,० | ४५,० |
| ३.४ | न्युनतम मापदण्ड फ्लायर प्रकाशन (अंग्रेजी, अनलाईनप्रति मात्र) | १ | ५०,०० | ५०,०० |
| ३.५ | सामुदायिक बीउ बैंक नेपालको वेबसाइट स्तरोन्नती तथा वार्षिक नविकरण | १ | ७५,००० | ७५,००० |
| ३.६ | लेखा व्यवस्थापन, प्राविधिक तथा आर्थिक प्रतिवेदन तयारी, लेखा प्रणाली नविकरण | ६ | १५,०० | १५,०० |
| | **जम्मा रू.** | | | **१,१४८,०००** |

# सामुदायिक बीउ बैंक संघ नेपालको दोस्रो अधिवेसन

सामुदायिक बीउ बैंक सङ्घ नेपालको साधारण सभाले वि.सं. २०८१ देखि २०८५ सम्मका लागि निम्न अनुसारको सञ्चालक समित निर्विरोध चयन गरेको छ।

| | | |
|---|---|---|
| **अध्यक्ष**  | श्री पार्वती भण्डारी | कावासोती नगरपालिका १४, नवलपरासी (ब.सु.पू) |
| **उपाध्यक्ष**  | श्री हिम बहादुर आचार्य | सुनकोशी गाउँपालिका २, सिन्धुपाल्चोक |
| **सदस्य**  | श्री डिल्ली प्रसाद पौडेल | शिवसताक्षी नगरपालिका ७, झापा |
| **सदस्य**  | श्री देव बहादुर भण्डारी | बाँसगढी नगरपालिका २, बर्दिया |
| **सदस्य**  | श्री गणेश विष्ट | जोरायल गाउँपालिका १, डोटी |

# दोस्रो दिनको प्रस्तुती तथा छलफल

नीति सम्वाद गोष्ठीको दोस्रो दिन मूलतः संघीय र प्रदेश तहमा सामुदायिक बीउ बैंक सम्बन्धी विद्यमान नीति तथा कार्यक्रमहरूकाबारेमा प्रस्तुती र आगामी दिनमा के कसरी अझ वृहत र व्यवस्थित तरिकाले सामुदायिक बीउ बैंक पद्दति प्रवर्द्धन गर्न सकिन्छ भन्ने विषयमा छलपफल गरी निचोड निकाल्ने प्रयत्न भयो। प्रस्तुती र छलफलमा आएका मुख्य बुँदाहरू निम्न अनुसार प्रस्तुत गरिएको छ।

## नेपालमा सामुदायिक बीउ बैंक सम्बन्धी विद्यमान नीतिगत एवं कानुनी व्यवस्था र आगामी कार्यदिशा

### डा. रामकृष्ण श्रेष्ठ, सहसचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय



### विश्व परिवेश र नेपाल

संयुक्तराष्ट्र सङ्घको प्रतिवेदनहरूमा खाद्य सुरक्षाको दृष्टिकोणबाट पृथ्वीमा तीन वटा संकट गहिरदों छ भन्ने उल्लेख गरेको पाइन्छ। ती हुन् क) जलवायु परिवर्तन, ख) वातावरणीय प्रदुषण र ग) कृषि जैविक विविधताको ह्रास। तेस्रो बुँदाको कुरा गर्दा पछिल्लो एक सय वर्षमा पृथ्वीमा उपलब्ध मध्ये करिब ७५ प्रतिशत कृषि बाली तथा जात सदाका लागि लोप भएको अनुमान गरिएको छ । पृथ्वीमा वासस्थान विनाशको कारण वर्षेनी करीब ५० हजार प्रजाति लोप हुँदै गइरहेका छन् भने करिब १० लाख प्रजाति लोप हुने खतरामा रहेका छन्। पछिल्लो समय जलवायु परिवर्तनको कारणले कृषि जैविक विविधताको ह्रासलाई तिव्र बनाएको छ भने बढी उत्पादन दिने सीमित किसिमका बालीनालीको मात्र प्रभुत्व बढिरहेकाले मानिसका लागि खाना प्राप्त हुने कृषि जैविक विविधताको आधार साँगुरिदैं गएको छ। यी कुराहरूले भविष्यमा खाद्य संकट निम्तिन सक्ने खतरा रहेको संकेत गर्दछ ।

नेपालको सन्दर्भमा कुरा गर्ने हो भने विपन्न तथा सिमान्तकृत समुदायका मानिसहरूको खाद्य तथा पोषण सुरक्षा र जीविकोपार्जनको प्रमुख स्रोत कृषि जैविक विविधता हो। तर नेपालबाट पनि करिब ५० प्रतिशत कृषि आनुवंशिक स्रोतहरु र करिव ४० प्रतिशत रैथाने वा स्थानीय जातहरू लोप भइसकेको हुन सक्ने अनुमान गरिएको छ। हरितक्रान्तिको सिद्दान्तमा आधारित आधुनिक खेति प्रणालीको प्रभाव र खुला बजार अर्थ नीतिका व्यवस्थाहरुले गर्दा आफैंले बीउ जोगाइ प्रयोग गर्ने तथा समुदायमा बीउ साटासाट गर्नुको साटो बजारबाट बीउ खरिद गरि प्रयोग गर्ने प्रवृत्ति पनि बढ्दै गएकाले स्थानीय तथा रैथाने जातहरू लोप हुने क्रम तिव्र हुँदै गइरहेको । त्यसैगरी बीउविजनमा परनिर्भरता बढ्दै गइरहेको र भविष्यमा यसले खाद्य सुरक्षा र खाद्य सम्प्रभुतामा नै संकट ल्याउन सक्ने सम्भावना बढ्दो छ।

### कृषि जैविक विविधता र सामुदायिक बीउ बैंकबारे नीतिगत एवं कानूनी व्यवस्था तथा प्रयासहरु

रैथाने तथा स्थानीय जातहरूको संरक्षण तथा उपयोग र सामुदायिक बीउ बैंक उल्लेख गरिएका सन्दर्भमा नेपाल सरकारले जारी गरेका दस्तावेजहरूमा निम्न अनुसार उल्लेख गरेको पाइन्छ ।

**तालिका ६: नेपाल सरकारले जारी गरेका रैथाने तथा स्थानीय जातहरूको संरक्षण तथा उपयोग र सामुदायिक बीउ बैंक उल्लेख गरिएका दस्तावेजहरू र तत् सम्बन्धी केही प्रावधानहरू**

| कानुनी दस्तावेज | रैथाने तथा स्थानीय जातहरूको संरक्षण तथा उपयोग र सामुदायिक बीउ बैंक सम्बन्धी प्रावधानहरू |
| --- | --- |
| नेपालको संविधान २०७२ | • धारा ४२ मा कृषकलाई स्थानीय बाली र जातको छनौट र संरक्षणको अधिकार हुनेछ भनी उल्लेख गरिएको,<br>• धारा ५१ को दफा छ को उपदफा ५ मा "..... वनस्पति तथा जैविक विविधिाको संरक्षण, संवर्धन, र दिगो उपयोग गर्ने उल्लेख गरिएको र<br>• अनुसुची ७, ८ र ९ मा जैविक विविधता उल्लेख गरिएको। |
| बीउ विजन क्षेत्रको दिर्घकालीन योजना २०७०-२०८२ (National Seed Vision 2013-2025) | **दफा ६.२. बीज वृद्धि**<br><br>• सरकारी क्षेत्रमा बीउ उत्पादन : बाली विशेषको आधारमा बीउ उत्पादन क्षेत्रहरूको पहिचान गर्ने। सामुदायिक बीउ बैंक तथा जिल्ला स्तरीय बीउ उत्पादन कार्यक्रमलाई एकिकृत गर्ने। दूर्गम क्षेत्रका बीउ उत्पादन कार्यक्रमलाई सेवा टेवा पुर्याउने।<br>• समुदायमा आधारित बीउ उत्पादन : गुणस्तरीय बीउ उत्पादनका लागि सहभागितामूलक पद्दतिको विकास एवं मार्गदर्शन तयार गरी यस पद्दतिलाई प्राथमिकताका साथ सहयोग गर्ने। सामुदायिक बीउ उत्पादन समूह, सामुदायिक संघ संस्था तथा सहकारीहरूलाई सहयोग गर्ने। सामुदायिक बीउ बैंकलाई प्रवर्द्धन गर्नुका साथै तिनलाई स्रोत बीउ उपलब्ध गराउने। |
| खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन २०७५ | **स्थानीय खाद्यलाई प्राथमिकता दिने :**<br><br>१) यस ऐन वमोजिम खाद्य तथा पोषणको प्रवर्द्धन गर्दा स्थानीय स्तरमा उत्पादन भएका परम्परागत खाद्यलाई प्राथमिकता दिइ वितरण गर्नुपर्ने छ।<br>२) स्थानीय स्तरमा उत्पादित परम्परागत खाद्य तथा पोषणको प्रबन्ध गर्ने सम्बन्धी व्यवस्था तोकिए वमोजिम हुनेछ।<br>३) स्थानीय बीउ बिजन, प्रविधि, औजार र कृषि प्रजाति छनोट तथा वौद्विक सम्पत्तिको संरक्षण प्राप्त गर्ने<br>४) परमपरागत तथा रैथाने खाद्यको संरक्षण गर्ने |
| कृषि विकास रणनीति (२०७२-२०९२), | • 367. Strengthen the seed and feed/fodder reserve system to cope with natural disasters such as flood in the terai, heavy snowfall in the high mountain areas. **Promote Community Managed Seed Banks at VDC level**, in coordination with the CAESC. |
| कृषि जैविक विविधता नीति २०६३ (पहिलो संसोधन २०७१) | Genetic Resource Conservation and Development Program for Climate-resilient Agriculture in Nepal<br><br>• **Objective 3:** To strengthen and establish community seed banks and seed storage facilities<br>• **Expected outcome 4:** By 2030, community seed banks established at 40% of local levels. |

| | |
|---|---|
| नेपाल खाद्य प्रणाली रुपान्तरणको मार्ग चित्र | **कार्य क्षेत्र ३ :**<br><br>• स्थानीय तहमा बीउ सुरक्षा तथा खाद्य सुरक्षा प्रवर्द्धन गर्न सामुदायिक बीउ बैंक तथा खाद्य बैंक स्थापना एवं सशक्तिकरण गर्ने,<br>• समुदायमा क्रियाशिल बीउ बैंक स्थापना गरी स्थानीय खाद्य प्रणाली सबलीकरण गर्ने।<br>**कार्य क्षेत्र ५ :**<br><br>• स्थानीय रूपमा अनुकूलित बीउ, सामग्री आपूर्ति र उत्पादनको बजारीकरणका लागि सामुदायिक बीउ बैंक तथा सहकारी स्थापना गर्ने र तिनको सुदृढीकरण गर्ने |
| सामुदायिक बीउ बैंक कार्यक्रम | यो दस्तावेज नितान्त सामुदायिक बीउ बैंक स्थापान तथा सञ्चालनका लागि नेपाल सरकारले तयार पारेको पहिलो दस्तावेज हो। यसमा उल्लिखित मुख्य व्यवस्थाहरू निम्न अनुसार रहेको छ। |
| कार्यान्वयन निर्देशिका २०६४ | • सहभागितामूलक जातिय छनोट<br>• स्थानीय र उन्नत जातको बीउ उत्पादन र बजारिकरण<br>• स्थानीय स्तरमा बीउ सापट तथा साटासाट<br>• सामुदायिक बीउ उत्पादन समूह र सामुदायिक बीउ बैंक समिति गठन |
| कृषि विधेयक २०८० | **कृषि जैविक विविधता संरक्षण गर्नु पर्ने :**<br>• (७) कृषक समूह तथा कृषि सहकारीले स्थानीयस्तरमा एकल वा सामूहिकरूपमा सामुदायिक बीउ बैंक स्थापना तथा सञचालन गर्न सक्नेछन्।<br>• (१०) सामुदायिक बीउ बैंक र जीन बैंक स्थापना, सञ्चालन तथा संरक्षित अनुवंश (जीन)को उपयोग सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ। |

## सामुदायिक बीउ बैंकको विकास र प्रवर्द्धन लक्षित प्रमुख कार्यक्रम एवं प्रयासहरु

विगत केही वर्ष देखि कृषि विभाग अन्तर्गतको बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रले स्थानीय बाली विविधता संरक्षण, उपयोग र प्रवर्द्धन तथा सामुदायिक बीउ बैंक सुदृढीकरण लक्षित कृषि जैविक विविधता संरक्षण कार्यक्रम, सामुदायिक बीउ बैंकहरुको सुदृढिकरण कार्यक्रम र रैथाने बाली प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिरहेको छ। हालसालै बीउ विजन सम्वन्धि एक अन्तर्राष्ट्रिय सम्मेलनमा स्थानीय बीउ प्रणाली सुदृढिकरणमा सामुदायिक बीउ बैंकहरुको भूमिकाबारे प्रस्तुति एवं छलफल गरिएको थियो भने कृषि जैविक विविधता सम्वन्धि र अन्य कृषि सम्वन्धि सेमिनार, गोष्ठी, सम्मेलन तथा सामान्य छलफल कार्यक्रममा समेत कृषि जैविक विविधता संरक्षण र दिगो उपयोगमा सामुदायिक बीउ बैंकको महत्व र भूमिकाबारे प्रस्तुति एवं विचार राख्ने गरिएको छ। साथै बीउ विजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका २०७८ को एक प्रमुख उद्देश्य बीउ विजन प्रणालीको स्थानीयकरण र विकेन्द्रिकरण गर्नु हो । यस उद्देश्यको स्थानीय स्तरमा कृयाशिल सामुदायिक बीउ बैंक र बीउ उत्पादक समूह तथा सहकारीहरुलाई सुदृढीकरण गर्नु रहेको छ।

## सामुदायिक बीउ बैंकको विकास र विस्तारमा रहेका समस्या एवं बाधाहरु

स्थानीय एवं रैथाने बाली विविधताको पहिचान, अभिलेखीकरण, संरक्षण, उपयोग र प्रवर्धनमा सामुदायिक बीउ बैंकको भूमिका स्पष्ट र उदाहरणीय छ । यद्दपी यसको अवधारणा, महत्व र आवश्यकताबारे नीति निर्माता र सरोकारवालाहरुमा पयार्प्त जानकारी नपुगेको वा अभाव रहेको देखिन्छ। त्यसैले यो विषयले नीतिगत तथा आयोजना र परियोजनाहरुमा प्राथमिकता पाउन सकेको छैन। सामुदायिक बीउ बैंकहरू दर्ता, सूचिकरण, नियमन र अनुगमन गर्नका लागि स्पष्ट कानूनी संरचनाको अभाव छ भने हालसम्म यसबारे कुनै मापदण्ड पनि बन्न सकेको छैन । त्यसैगरी अनुसन्धान, प्रसार र शिक्षामा प्राथमिकता पाएको छैन भने जनशक्तिको पनि कमि छ। स्थानीय तहहरुले कृषि जैवि विविधता संरक्षण र उपयोग तथा सामुदायिक बीउ बैंक प्रवर्द्धनलाई महत्व दिएका छैनन्। हालसम्म स्थापना भएका प्रायः सामुदायिक बीउ बैंकहरुको आर्थिक एवं प्राविधिक क्षमता कमजोर छ र बाहिरी सहयोगमा निर्भर छन्।

## सामुदायिक बीउ बैंकको आगामी कार्यदिशा

नेपालमा सामादायिक बीउ बैंक सम्बन्धी कामलाई गतिदिन धेरै काम गर्नुपर्ने देखिन्छ। सर्वप्रथम सामुदायिक बीउ बैंकको संस्थागत एवं आर्थिक क्षमता सुधारका लागि नीतिगत र कानूनी संरचना तयार गर्नु आवश्यक छ। त्ययसैगरी तीनै तहको सरकारहरुको समन्वय र सहकार्यमा कार्यान्वयन गर्ने गरि कृषि जैविक विविधता संरक्षणको राष्ट्रिय रणनीति तयार गरि कार्यान्वयन गर्नुपर्ने देखिन्छ सबै तहमा कृषि र विकास निर्माणका नीति तथा कार्यक्रममा कृषि जैविक विविधता संरक्षणलाई मूलप्रवाहीकरण गर्नु अपरिहार्य छ। साथै समुदायस्तरमा पनि यसबारे व्यापक सचेतना अभियान सन्चालन गर्नुपर्दछ। कृषि आनुवंशिक स्रोतहरुको अवस्थाका आधारमा रेड जोनिङ्ग र रेड लिष्टिङ्गलाई संस्थागत गरि सो को आधारमा संरक्षणको रणनीति तयार गर्नसके संरक्षण सम्बन्धी गतिविध प्रभावकारीरूपमा अघि बढाउन सकिन्छ भने कृषि आनुवंशिक स्रोतहरुको संरक्षण र उपयोग राष्ट्रिय मिशनको रूपमा सन्चालन गर्नु जरूरी छ।

कृषि जैविक विविधता संरक्षणको क्षेत्रमा उत्कृष्ट कार्य गर्ने संरक्षक कृषक र संघ संस्थाहरुलाई राष्ट्रिय सम्मान गर्ने तर्फ पनि ध्यान दिनु आवश्यक छ। स्थानीय तहहरुमा कृषि जैविक विविधता संरक्षण कार्यको लागि संघीय विशेष अनुदान र ससर्त अनुदानको दायरा फराकिलो बनाउँदै लानुपर्ने देखिन्छ। स्थानीय बाली विविधता संरक्षणका लागि उपयोगद्वारा संरक्षणको नीतिको व्यवहारिक कार्यान्वयनका लागि नीजि क्षेत्र र अन्य सरोकारवाला निकाय एवं संघ संस्थाहरुसँग सहकार्यमा काम गर्नु पर्दछ। त्यसैगरी सामुदायिक बीउ बैंकहरुको दिगोपनाका लागि मूल्य अभिवृद्धि र प्रसोधित खाद्य पदार्थ विकास सहितको व्यवसाय मोडल कार्यान्वयनमा ल्याउनु पर्दछ भने लाभको उचित बाँडफाँडको सुनिश्चितता सहित नीजि क्षेत्रका बीउ विजन व्यवसायीहरुसँग बीउ उत्पादन र बजारिकरणमा सहकार्य बढाउनु पनि उत्तिकै जरूरी छ। हालसम्म विचाराधिन रहेको विरूवाको जात संरक्षण तथा कृषक अधिकार विधेयकलाई छिटो टुङ्गोमा पुर्याउन अग्रसरताको खाँचो छ। कृषि जैविक विविधता सार्वजनिक वस्तु (public good) भएकोले यसको संरक्षण र दिगो उपयोगमा सवै सरोकारवालाहरुको भूमिका बढाउन विभिन्न तहमा कार्य नगरीनहुने देखिन्छ भने कृषि जैविक विविधता संरक्षण र दिगो उपयोगका लागि पर्यावरणीय कृषिको प्रवर्द्धन तथा सबै सरोकारवालाहरु विच निरन्तर सम्वाद र सहकार्य गर्नु आवश्यक छ।

## निष्कर्ष

विश्वमा र नेपालमा पनि रैथाने तथा स्थानीय जातहरू लगायत कृषि जैविक विविधताको ह्रास हुने क्रम यथावत रहेमा भविष्यमा खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता संकटमा पर्न सक्ने निश्चित छ। यसो हुन नदिन स्थानीय बीउ प्रणालीको विकास र रैथाने जातको संरक्षण गर्नु अपरिहार्य छ। रैथाने जात संरक्षण र स्थानीय बीउ प्रणाली विकासमा सामुदायिक बीउ बैंकको अहम् भूमिका रहेको छ। तर केहि नीतिगत व्यवस्थाहरु बाहेक यसको विकास र प्रवर्द्धनमा सरकार एवं सरोकारवालाहरुको उदासिनता रहेको देखिन्छ। कानूनी संरचना सहितको सामुदायिक बीउ बैंकको विस्तारको लागि प्रदेश र संघीय सरकारको सहयोगमा स्थानीय तहको मूख्य भूमिका  रहने गरि राष्ट्रिय अभियानको खाँचो छ।

# सामुदायिक बीउ बैंक प्रवर्द्धनका लागि भएका प्रयासहरू तथा आगामी कार्यदिशा

बलराम रिजाल, वरिष्ठ माटो विज्ञ, बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र



बाली विकास तथा कृषि जैविक विविधता केन्द्रले नियमित वार्षिक क्रियाकलाप अन्तर्गत विभिन्न बालीहरूको मिसन कार्यक्रम सञ्चालन गर्दछ। जस्तै धान उत्पादन प्रवर्द्धन कार्यक्रम, मकै उत्पादन प्रवर्द्धन कार्यक्रम, गहुँ उत्पादन प्रवर्द्धन कार्यक्रम, दलहन उत्पादन प्रवर्द्धन कार्यक्रम, तेलहन उत्पादन प्रवर्द्धन कार्यक्रम, धान मिल नमूना कार्यक्रम, मकै बीउ उत्पादन कार्यक्रम आदि। यसका साथै आ. व. २०७६/२०७७ देखि स्थानीय बाली विविधता संरक्षण, उपयोग र प्रवर्द्धन अन्तर्गत रैथाने बाली प्रवर्द्धन कार्यक्रम संचालन गरिरहेकोमा रैथाने तथा स्थानीय बालीको संरक्षण सँगै सामुदायिक बीउ बैंकहरुलाई पनि सहयोग गर्ने हेतुले आ. व. २०७९/२०८० देखि कृषि जैविक विविधता संरक्षण कार्यक्रमको सुरुवात गरेको छ। यी कार्यक्रमहरू मूलतः प्रदेश र स्थानीय तहसँग समन्वय तथा सहकार्यमा सञ्चालन गर्दछ भने केही क्रियाकलापहरू गैरसरकारी संघ संस्थाहरुसँग सहकार्यमा पनि सञ्चानल गर्दछ। यसको अलावा क्षमता अभिवृद्धि, सचेतनाका लागि दिवस तथा गोष्ठीहरूको सञ्चालन, नयाँ प्रविधिहरूको प्रदर्शन, रैथाने बाली/ जात र प्रविधि संग्रहालय तथा यिनै प्राविधिक विषयमा विभिन्न श्रोत सामग्रीहरु प्रकाशनको काम पनि गर्दछ। सामुदायिक बीउ बैंकको सन्दर्भमा सामुदायिक बीउ बैंक संघ नेपालसँग सहकार्य, नेपालका सामुदायिक बीउ बैंकहरुको विवरण अध्यावधि गर्ने र सामुदायिक बीउ बैंक स्थापना, सञ्चालन र सुदृढिकरणमा पनि केन्द्रले सहयोग तथा सहजिकरण गर्दै आएको छ। यस कार्यपत्रमा केन्द्रले आ.व. २०८०/२०८१ मा सञ्चालन गरेका रैथाने बाली प्रवर्द्धन कार्यक्रम र कृषि जैविक विविधता संरक्षण कार्यक्रमकाबारेमा मात्र चर्चा गरिएको छ।

## राष्ट्रिय कृषि जैविक विविधता दिवस २०८०

बाली विकास तथा कृषि जैविक विविधता केन्द्रले वि.सं. २०७९ को माघ १ गते देखि ७ गते सम्म सप्ताहव्यापीरूपमा राष्ट्रिय कृषि जैविक विविधता दिवस मनाउँदै आएको छ। यस अवसरमा केन्द्रले विभिन्न क्रियाकलापहरू सञ्चालन गर्दछ। वि.सं. २०८० मा सप्ताहको प्रत्येक दिन फरकफरक कार्यक्रम आयोजना गर्यो र मूल समारोह २०८० माघ ४ गते कृषि विभाग, हरिहरभवन, ललितपुरको सभाहलमा आयोजना गरिएको थियो भने सोहि दिनभर कृषि विभाग परिसरमा कृषि जैविक विविधता एवं रैथाने बाली उपज प्रदर्शनी आयोजना गरिएको थियो। उक्त कार्यक्रममा ३०६ जनाको सहभागिता रहेको थियो। मूल समारोह कार्यक्रम कृषि विभागका तत्कालिन महानिर्देशक डा. हरि बहादुर के.सीज्यूको अध्यक्षता र कृषि तथा पशुपन्छी विकास मन्त्रालयका तत्कालिन मन्त्री  माननीय डा. वेदुराम भुषालज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो। अन्य दिनहरूमा कृषि जैविक विविधता संरक्षण र दिगो उपयोगबारे जनचेतनामूलक कार्यक्रमहरु आयोजना गरि मनाइएको थियो भने प्रादेशिक निकायहरु, स्थानीय तह लगायत सरकारी एवं गैरसरकारी संस्थाहरु र निजी क्षेत्रले पनि विभिन्न कार्यक्रमहरु आयोजना गरी मनाइएका थिए । वि.सं. २०८० को नारा “कृषि जैविक विविधता, हाम्रो अमूल्य सम्पदा; संरक्षण एवं दिगो उपयोग, हाम्रो प्रतिवद्धता” भन्ने रहेको थियो।

## कृषि जैविक विविधता सर्भेक्षण तथा अभिलेखिकरण तालिम

बाली विकास तथा कृषि जैविक विविधता केन्द्रले मिति २०८० पुष १२ देखि १४ गते सम्म स्थानीय तहमा कार्यरत कृषि प्राविधिकहरूको क्षमात विकासका लागि  कृषि अनुसन्धान निर्देशनालय, लुम्ले, कास्कीमा कृषि जैविक विविधता सर्भेक्षण तथा अभिलेखिकरण तालिम सञ्चालन गर्यो। यस तालिममा ३ जना महिला सहित २० जनाको सहभागिता रहेको थियो। यस तालिमको मुख्य उद्धेश्य पालिका भित्रका स्थानीय बाली विविधता पहिचान, सर्वेक्षण तथा अभिलेखिकरण गर्ने रहेको थियो। ।

## रैथाने बालीको पञ्जिकरण

बाली विकास तथा कृषि जैविक विविधता केन्द्रले आ. व.  २०८०/२०८१ मा विभिन्न बालीहरूका ६ वटा स्थानीय जातहरू पञ्जिकरणका लागि बीउ बिजन समितिको सचिवालयमा हुने पहिलो बैठकमा विभिन्न कृषक समूह र सहकारीहरूलाई सहभागिताका लागि सहजिकरणको काम गरेको थियो।

## आर्थिक वर्ष २०८१/२०८२ मा सञ्चालन गरिने मुख्य क्रियाकलापहरू

बाली विकास तथा कृषि जैविक विविधता केन्द्रले आ. व. २०८१/२०८२ मा सामुदायिक बीउ बैंकहरूको वार्षिक प्रगित समिक्षा गर्ने, नेपालका सामुदायिक बीउ बैंकहरुको विवरण अद्यावधि गर्ने, सामुदायिक बीउ बैंकहरुको सुदृढिकरण र जैविक विविधता संरक्षणका लागि सहयोग गर्ने, स्थानीय तहका प्राविधिकहरुको क्षमता अभिवृद्धि गर्ने, र राष्ट्रिय कृषि जैविक विविधता दिवस आयोजना गरी सम्मान तथा पुरस्कार वितरण गर्ने कार्यक्रम रहेको छ।

## कृषि जैविक विविधता संरक्षण कार्यक्रमको थालनी

बाली विकास तथा कृषि जैविक विविधता केन्द्रले आ.व. २०७९/८० देखि कृषि जैविक विविधता संरक्षण कार्यक्रमको थालनी गरेको हो। यसको मुख्य उद्देश्य कृषि जैविक विविधता संरक्षण एवं दिगो उपयोगका लागि स्थानीय स्तरमा संस्थागत विकास गर्ने, कृषि जैविक विविधता संरक्षणका असल अभ्यासहरुको पहिचान एवं विस्तार गर्ने र कृषि जैविक विविधताको स्वस्थानीय, घरगोठ तथा खेतीस्थलिय र परस्थानीय संरक्षण गर्न स्थानीय समुदायको क्षमता विकास गर्ने रहेको छ। यस कार्यक्रम अन्तर्गत विभिन्न क्रियाकलाहरू सञ्चालन गर्न सकिने प्रावधान रहेको छ। आम जनसमुदाय र सरोकारवाला निकायहरूको सचेतनाका लागि आम भेला, गोष्ठी, सडक नाटक, रेडियो कार्यक्रम, विद्यालय स्तरीय प्रतियोगिता तथा सांस्कृतिक पर्व वा मेला/महोत्सवको आयोजना गर्न सकिन्छ भने विद्यालयसँग सहकार्य गरी रैथाने बालीको स्थानीय पाठ्यक्रम लागु गर्ने, रैथाने खाद्यान्नमा आधारित दिवा खाजा कार्यक्रम लागु गर्ने र संरक्षणका लागि विद्यालयमा फिल्ड जिन बैंक स्थापना गर्ने कार्य सञ्चालन गर्न सकिन्छ। त्यसैगरी कृषि जैविक विविधता प्रदर्शनी मेला, जैविक विविधता प्रदर्शनी स्थलको स्थापना तथा व्यवस्थापन, विविधतायुक्त स्थानीय बीउ वितरण, संरक्षक कृषक तथा सामुदायिक संस्थालाई सम्मान, सामुदायिक बीउ बैंक स्थापना एवं सुदृढिकरण, कन्दमूल एवं जंगली प्रजातिका वोटविरूवा संरक्षण तथा उपयोग जस्ता क्रियाकलापहरू सञ्चालन गर्न सकिन्छ।

## स्थानीय तहमा वित्तीय हस्तान्तरण भएका कार्यक्रमहरुको प्रारम्भिक प्रतिफल

बाली विकास तथा कृषि जैविक विविधता केन्द्रले सञ्चालन गरेका कृषि जैविक विविधता संरक्षण कार्यक्रमले नेपालमा कृषि जैविक विविधताको महत्व र संरक्षणको आवश्यकताप्रति सचेतना अभिवृद्धि हुनुका साथै तालिम तथा गोष्ठीका माध्यमबाट सरोकारवाला नियकाहरूको क्षमता विकासमा मद्दत पुगेको छ। यसअघि स्थापना भएका सामुदायिक बीउ बीउ बैंकहरूको सुदृढीकरणमा टेवा पुगेको छ। धेरै स्थानीय निकायहरूले कार्यक्रमबाट विनियोजित बजेट उपयोग गरी बीउ पुजी कोष स्थापना, जैविक विविधता प्रदर्शनी स्थल स्थापना, खाद्य तथा कृषि मेला, कृषि जैविक पर्यटन महोत्सवको आयोजना, राष्ट्रिय कृषि जैविक विविधता दिवस आयोजना, कार्यालयमा स्थानीय बीउ प्रदर्शन गर्ने, वानस्पतिक तथा जैविक मल तयारी तथा प्रयोग, विविधतायुक्त रैथाने बीउका मिनिकिट वितरण जस्ता क्रियाकलापहरू सञ्चालन गरिरहेका छन्। समग्रमा यो कार्यक्रमले स्थानीय तथा रैथाने बाली विविधता संरक्षण तथा उपयोगमा टेवा पुगिरहेको छ।

## आगामी योजना

बाली विकास तथा कृषि जैविक विविधता केन्द्रले आगामी दनमा सामुदायिक बीउ बैंक सञ्चालनका लिग न्यूनतम मापदण्ड समेत समावेस भएको कार्यविधि ल्याउने, सामुदायिक बीउ बैंक सञ्चालनका लागि कानुनी आधार तयार गर्ने, राष्ट्रिय कृषि जैविक विविधता नीति संशोधन गर्ने, सामुदायिक बीउ बैंकहरूको तथ्याङ्क तथा अवस्था अद्यावधी गर्ने, स्थानीय बाली विविधता संरक्षणमा उल्लेखनीय योगदान दिने व्यक्ति तथा संस्थलाई पहिचान एवं सम्मान गर्ने, स्थानीय जनप्रतिनिधि लक्षित तालिम तथा गोष्ठी सञ्चालन गर्न, प्रदेश तहमा सरोकारवाला सहित अन्तर्क्रिया गोष्ठी आयोजना मार्फत समग्रमा नेपालका स्थानीय बाली विविधता संरक्षण तथा उपयोगमा निरन्तर काम गर्ने लक्ष लिएको छ।

# नेपालका सामुदायिक बीउ बैंकहरूको वर्तमान अवस्था र विस्तारको आवश्यकता

पीताम्बर श्रेष्ठ, कार्यक्रम सल्लाहकार, सामुदायिक बीउ बैंक सङ्घ नेपाल



## नेपालमा स्थानीय बाली विविधता विनासको अवस्था

नेपालमा स्थानीय बाली विविधता लोपहुने क्रम तिब्रगतिमा बढिरहेको छ। उदाहरणका लागि बारा जिल्लाको कचोर्वामा वि.सं २०५५ मा गरिएको एक अध्ययनले धानका ३३ वटा स्थानीय जातहरू कृषकहरूले खेतिगरिरहेको उल्लेख गरेको छ। तर २०८१ सालमा त्यहाँ सञ्चालनमा रहेको कचोर्वा सामुदायिक बीउ बैंकका सदस्यहरूका अनुसार हाल दुई वटा स्थानीय जातमात्र कृषकहरूले ससाना क्षेत्रफलमा लगाउने गरेका छन्। यो अवस्था मध्यपहाडमा पनि उस्तै छ। कास्की जिल्लाको बेगनास क्षेत्रमा वि.सं २०५५ मा धानका ७२ वटा स्थानीय जातहरू कृषकहरूले खेतिगरिरहेका थिए भने स्थानीय बाली विविधता संरक्षण कार्यमा सक्रिय कृषकहरूको संस्था जैविकस्रोत संरक्षण अभियानका अनुसार हाल १२ वटा जती स्थानीय जात मात्र कृषकहरूले लगाएको पाइन्छ। यो अवस्था देशका अन्य भागमा पनि उस्तै भएको अनुमान गर्न सकिन्छ। यसो हुनुमा स्थानीय बाली विविधता संरक्षण तथा उपयोगप्रति जनचेतनाको अभाव, कृषि पेशाप्रति युवा आकर्षित नहुनु, बसाइँसराइ, शहरिकरणबाट खेतीयोग्य जमिनको विनास, उन्नत जात र हाइब्रीड बीउलाई प्राथमिकता दिने शिक्षा, अनुसन्धान र प्रसार सम्बन्धी नीति तथा कार्यक्रम आदि कुराहरूलाई मान्न सकिन्छ।

## अन्तर्राष्ट्रिय प्रतिवद्धता र राष्ट्रिय अवस्था

जैविक विविधता महासन्धी १९९२ र खाद्य र कृषिका लागि वानस्पतिक आनुवंशिक स्रोत सम्बन्धी अन्तराष्ट्रय सन्धी २००२ ठुला अन्तर्राष्ट्रिय कानूनहरू हुन् । यी दुवै कानून नेपाल सरकारको संसदले अनुमोदन गरेको छ। यीनै कानूनका आधारमा नेपाल सरकारले जारी गरेका धेरै कानूनी दस्तावेजहरूमा कृषि जैविक विविधता र स्थानीय बाली विविधता संरक्षण, उपयोग र प्रवर्द्धन गरिने छ भनेर उल्लेख गरेको छ। तर यक्ष प्रश्न के हो भने कुन हदसम्म नेपाल सरकार मातहतका निकायहरूले ती अन्तर्राष्ट्रिय कानून र सरकारले जारी गरेका दस्तावेजहरूमा उल्लेख गरेका बुँदाहरू कार्यान्वयनमा ल्याएका छन् भन्ने हो। समग्रमा हेर्ने हो भने यो अवस्था दयनीय छ।

## औपचारिक तथा अनौपचारिक बीउ आपूर्ती प्रणाली

बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रका अनुसार नेपाल सरकारको संयन्त्र र सरकारी सहयोगमा सञ्चालन भएका कार्यक्रमहरू (औपचारिक प्रणाली)ले नेपालका कृषकहरूका लागि आवश्यक मुख्य बालीहरूका (धान, गहुँ, मकै, तोरी, मुसुरो आदि) बीउ मध्ये २२ प्रतिशत मात्र आपूर्ती गर्न सकेका छन्। बाँकी बीउ कृषकहरूको आफ्नै प्रणाली वा अनौपचारिक तरिकाले आपूर्ति भइरहेको छ (SQCC 2022)। औपचारिक प्रणालीले सिमित बालीहरूका सरकारले उन्मोचन तथा पञ्जिकरण गरेका सिमित जातहरू मात्र उपलब्ध गराउँदछ । अर्कोतिर अनौपचारिक प्रणाली वा कृषकहरूको आफ्नै प्रणालीमा सरकारले उन्मोचन तथा पञ्जिकरण गरेका वा उन्मोचन तथा पञ्जिकरण नभएका अथाह जातहरूका बीउ उत्पादन र आपूर्ति भइरहेका छन्। अनौपचारिक बीउ प्रणाली वा कृषकहरूको आफ्नै प्रणालीले स्थानीय हावापानी सुहाउँदा हजारौं रैथाने तथा स्थानीय जातहरूको संरक्षण, उपयोग र प्रवर्द्धन गरिरहेको छ । तर अनौपचारिक प्रणालीमा बीउ प्रमाणीकरण गर्ने प्रक्रिया तथा गुणस्तरको ग्यारेन्टी छैन। हाम्रा अधिकांश बालीहरूको उत्पादकत्व कम हुनुको कारण कृषकहरूको बीउ प्रणालीले आपूर्ती गर्ने करिब ८० प्रतिशत बीउको गुणस्तरको ग्यारेन्टी नहुनु र यसको सुधारमा राज्य संयन्त्र संलग्न नहुनु पनि हो।

## सामुदायिक बीउ बैंकको भूमिका

माथि उल्लिखित “नेपालमा स्थानीय बाली विविधता विनासको अवस्था”, “नेपाल सरकारको अन्तर्राष्ट्रिय प्रतिवद्धता र राष्ट्रिय अवस्था” र “औपचारिक तथा अनौपचारिक बीउ आपूर्ती प्रणालीको अवस्था”लाई सम्बोधन गर्ने उपायहरू मध्ये सामुदायिक बीउ बैंक एउटा विकल्प हो।

किनभने सामुदायिक बीउ बैंक स्थापना तथा सञ्चालन गर्नुको मुख्य उद्देश्य स्थानीय बाली विविधताको संरक्षण तथा दिगो उपयोगका लागि तिनीहरूको पहिचान, अभिलेखीकरण, संरक्षणको अवस्था विश्लेषण, बीउ संकलन, नियमित बीउ उत्पादन, सुरक्षित भण्डारण र कृषकहरूको आवश्यकता अनुसार विक्रिवितरण गर्नु हो। यो काम सामूहिकरूपमा कृषक समूह वा कृषि सहकारी वा कृषकहरूको संस्थाले गर्दछ। सामुदायिक बीउ बैंक नेपालमा आवद्ध सबै सामुदायिक बीउ बैंकहरूले यो भूमिका निर्वाह गरिरहेका छन्। नेपालका सामुदायिक बीउ बैंकहरूले सञ्चालन गरिरहेका क्रियाकलापहरू निम्न अनुसार बुँदागतरूपमा प्रस्तुत गरिएको छ ।

**संरक्षण :** सामुदायिक बीउ बैंक सङ्घ नेपालमा आवद्ध २७ वटा सामुदायिक बीउ बैंकहरूले ७५ बाली प्रजातीका १७१६ स्थानीय जातहरू (केही दोहोरिएका) संरक्षण गरेका छन्। यी मध्ये ५० प्रतिशत जातहरू सामुदायिक बीउ बैंकमा मात्र उपलब्ध छ। यदि यी सामुदायिक बीउ बैंकहरू नहुँदो हो त कतिपय बीउहरू लोप भइसकेका हुनेथिए।

**स्थानीय बीउ प्रणाली सुधार :** सामुदायिक बीउ बैंकहरूले उनीहरूको क्षमता अनुसार स्थानीय र उन्नत जातका बीउ उत्पादन गरी सहजरूपमा कृषकहरूलाई बीउ उपलब्ध गराइरहेका छन्। यसबाट स्थानीय बीउ प्रणालीको सुधारमा योगदान पुग्नुका साथै कृषि उपज उत्पादन वृद्धिमा पनि टेवा पुगिरहेको छ। सामुदायिक बीउ बैंक सङ्घ नेपालमा आवद्ध २७ वटा सामुदायिक बीउ बैंकहरूले वर्षेनी लगभग ५५० मेट्रिक टन स्थानीय र उन्नत जातका बीउ उत्पादन तथा विक्रीवितरण गर्दछन्।

**सहभागितामूलक बाली प्रजनन :** विभिन्न सरकारी तथा गैरसरकारी सङ्घ संस्थाहरूसँग आर्थिक तथा प्राविधिक सहकार्य गरी बीउ विजन नियमावली २०६९ को अनुसूची 'घ' अनुसार सामुदायिक बीउ बैंकहरूले उत्कृष्ट स्थानीय जातहरू पञ्जिकरण गरेका छन्। यो कार्यमा सामुदायिक बीउ बैंक सङ्घ नेपालमा आवद्ध २७ मध्ये १६ सामुदायिक बीउ बैंकहरूले नौ वटा बालीहरूका २४ वटा स्थानीय जातहरू पञ्जिकरण गरेका छन्।

**विपतमा बीउ व्यवस्थापन :** विगतमा भूकम्प र कोभिड १९ को समयमा सामुदायिक बीउ बैंकहरूले स्थानीय तहमा बीउ आपूर्तीमा सह्रानीय काम गरेका उदाहरण छ। सामुदायिक बीउ बैंकहरूले स्थानीय तहमा उत्पादन र आपूर्ती गर्ने बीउ स्थानीय हावापानी सुहाउँदा हुन्छन्। यो जलवायु मैत्रि कृषि पद्दति पनि हो।

**रोजगारी र आयआर्जन :** सामुदायिक बीउ बैंकहरूले बीउ उत्पादन कार्यक्रम सञ्चालन गर्ने भएकाले यसबाट बीउ उत्पादक कृषकहरूको आयवृद्धिमा टेवा पुगिरहेको छ। साथै सामुदायिक बीउ बैंकहरूले सामुदायिक जैविक विविधता व्यवस्थापन कोष, यस्तै प्रकृतिका अन्य कोष र बचत परिचालन गरेर पनि सदस्यहरूको आय वृद्धिमा टेवा पुर्याई रहेका छन्। प्राय सबै सामुदायिक बीउ बैंकहरूमा १ वा २ जना स्थानीय युवाहरूले पनि काम गरिरहेका छन्।

**संस्थागत विकास र सशक्तिकरण :** सामुदायिक बीउ बैंक सञ्चालनबाट कृषकहरूको संस्था विकास गर्नमा टेवा पुगिरहेको छ। यसबाट अन्य कृषि सम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्न, विभिन्न सरकारी तथा गैरसरकारी निकायहरूसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्न सहज भइरहेको छ। यो प्रक्रियाबाट कृषक, महिला र युवाहरूको सशक्तिकरणमा टेवा पुगिरहेको छ। सामुदायिक बीउ बैंकमा संलग्न कतिपय सदस्यहरू पालिकामा निर्वाचित भएका छन्।

**बीउमा कृषक अधिकार सुनिश्चतता :** वि.सं. २०६४ (सन् २००७) मा नेपालको संसदले पारित गरेको 'वानस्पतिक आनुवंशिक स्रोत सम्बन्धी अन्तर्राष्ट्रिय सन्धी' को धारा ९ मा बीउमा कृषक अधिकारबारे उल्लेख गरेको छ। सामुदायिक बीउ बैंक सञ्चालन गर्दा यो धारामा उल्लेख गरेका अधिकांश बुँदाहरू स्वतः कार्यान्वयनमा आउँछ ।

## निष्कर्ष तथा आगामी कार्यदिशा

नेपालका सबै भौगोलिक क्षेत्रमा विभिन्न बालीहरूका सयौं स्थानीय बाली विविधता वा स्थानीय जातहरू अझ पनि कृषकहरूले खेती गरिरहेका छन् र तिनीहरू क्रमशः लोप हुने क्रममा रहेका छन्। यस्ता स्थानीय बाली विविधताहरूले स्थानीय समुदायको खाद्य सुरक्षा, पोषण र पर्यावरणमा ठुलो योगदान पुर्याईरहेका छन्। नेपाल सरकारको कुनै पनि निकाय तथा निजी क्षेत्रले उन्मोचन तथा पञ्जिकरण नभएका हजारौं स्थानीय बाली विविधताको बीउ विजन र विरूवा उत्पादन तथा विक्रीवितरण गर्दैनन् तथा गर्न पाउँदैनन्। यो अधिकार समुदायसँग मात्र छ।

नेपाल सरकार मातहतको कृषि अनुसन्धान केन्द्रहरूले नेपालका कृषकहरूले खेती गर्ने सबै बालीहरूको अनुसन्धान गरेर नयाँ जात विकास गरेका छैनन् र हाम्रो जस्तो विकासोन्मुख देशमा त्यो सम्भव पनि छैन। कृषि प्रसारको काम गर्ने प्रदेश, जिल्ला र पालिका तहका निकायहरूले सिमित कृषकहरूलाई मात्र सेवा दिन सकेका छन्, अधिकांश कृषकहरू सरकारी प्रसार सेवाबाट वञ्चित छन्। सरकारी, गैरसरकारी तथा निजी क्षेत्रले कृषकहरूको माग अनुसारका उन्मोचन तथा पञ्जिकरण भएका बीउ कृषकहरूको माग अनुसार उत्पादन तथा आपूर्ती गर्न सकेका छैनन्। यस्तो अवस्थाको समाधानका लागि सरकारी संयन्त्रबाट योजनावद्ध प्रयास आवश्यक छ। हाल मूलतः गैरसरकारी संघ संस्थाहरूले फाट्टफुट्टरूपमा समुदायमा स्थापना गरिदिएका सामुदायिक बीउ बैंकहरू कहिले सम्म चल्छन् भन्ने कुराको ग्यारेन्टी छैन।

माथि उल्लिखित अवस्था सुधारका लागि नेपाल सरकारले कानुन बनाएर स्थानीय सरकार आफैंले वा स्थानीय समुदायले सञ्चालन गर्ने गरी प्रत्येक पालिकामा कम्तीमा एउटा सामुदायिक बीउ बैंक स्थापना तथा सञ्चालन गर्नु अपरिहार्य छ। यदि तीनै तहका सरकारको लागत साझेदारीमा प्रत्येक वर्ष प्रत्येक जिल्लामा एक वा दूई सामुदायिक बीउ बैंक स्थापना गर्ने हो भने पाँच वर्ष भित्र यो लक्ष सहजै हाँसिल गर्न सकिन्छ। कृषिमा लगानी दशकमा बीउलाई प्राथमिकतामा राखी सामुदायिक बीउ बैंक स्थापान गर्न सकिन्छ। हाल सञ्चालनमा रहेका बीउ उत्पादक कृषक समूह तथा सहकारीहरूमा स्थानीय बाली विविधता संरक्षणको पाटो समावेश गर्न सकिन्छ। देशै भरि गठन भएका सामुदायिक वन उपभोक्ता समूहहरूमा स्थानीय बाली विविधता संरक्षण तथा उपयोग जोड्न सकिन्छ। यी सबै कामका लागि स्थानीय र प्रदेश मातहतका निकायहरूमा कार्यरत कर्मचारीहरूको क्षमता विकास पनि त्यतिकै महत्वपूर्ण छ।

# गण्डकी प्रदेशमा सामुदायिक बीउ बैंकहरुको अवस्था र त्यसको प्रवर्द्धनका लागि गरिएका नीतिगत व्यवस्था एवं सञ्चालित कार्यक्रमहरु

## बासुदेव रेग्मी, महानिर्देशक, कृषि विकास निर्देशनालय, पोखरा



यस कार्यपत्रमा गण्डकी प्रदेशमा सामुदायिक बीउ बैंकहरुको अवस्था र प्रदेश सरकारको भूमिकाबारे प्रष्टपार्ने प्रयास गरिएको छ। हाल सम्म कृषि विकास निर्देशनालयको जानकारीमा गण्डकी प्रदेशमा छ वटा सामुदायिक बीउ बैंकहरू सञ्चालनमा रहेका छन्। ती हुन् अन्नपूर्ण सामुदायिक बीउ बैंक, कास्की; सुन्दरीडाँडा सामुदायिक बीउ बैंक, कास्की; नमूना प्राङ्गारिक सामुदायिक बीउ बैंक कास्की; घनपोखरा सामुदायिक बीउ बैंक, लमजुङ्; पुर्कोट सामुदायिक बीउ बैंक, तनहुँ र अग्यौली सामुदायिक बीउ बैंक, नवलपरासी (ब.सु.पू.)। यी सामुदायिक बीउ बैंकहरू स्थानीय जातहरू संरक्षण गर्नुका साथै एक्ले, पहेंले, रातो अनदी, बयर्नी, कालो झिनुवा, डल्ले मसिनो र कनकजिरा झिनुवा धानका साथै बरियो कागुनो र  मादले काँक्रो  राष्ट्रिय बीउ विजन समितिमा पञ्जिकरण कार्यमा पनि संलग्न छन् । यी मध्ये केही सामुदायिक बीउ बैंकहरूले उन्नत जातका बीउ पनि उत्पादन गरी बिक्रीवितरण गर्दछन्।

गण्डकी प्रदेश सरकारले आ.व. २०७६/०७७ देखि नै वार्षिक नीति तथा कार्यक्रममा रैथाने बाली सम्बन्धी बुँदा समावेश गर्दै आइरहेको छ। यसलाई क्रमशः यहाँ प्रस्तुत गरिएको छ।

**आ.व. २०८१/८२, बुँदा नं. २६ :** रैथाने तथा स्थानीय बाली र पशुपक्षीको संरक्षण, सम्वर्धन र प्रवर्द्धन एवं उपयोग सम्बन्धी कार्यक्रम प्राथमिकताका साथ सञ्चालन गरिनेछ।

**आ.व. २०८०/८१, बुँदा नं. ७७ :** रैथाने तथा स्थानीय बालीको उत्पादन प्रवर्द्धन र रैथाने बालीका परिकारहरुको विविधिकरण तथा उपयोग सम्बन्धी कार्यक्रम प्राथमिकताका साथ सञ्चालन गरिनेछ।

**आ.व. २०७९/८०, बुँदा नं. ११९ :** रैथाने जातको बीउ संरक्षणमा जोड दिईनेछ।

**आ.व. २०७८/७९, बुँदा नं. ५७ :** रैथाने तथा स्थानीय बाली लगायत मौलिक उत्पादनको प्रवर्द्धन तथा उपयोगमा जोड दिईनेछ।

**आ.व. २०७७/७८, बुँदा नं. ८२ :** रैथाने र उन्नत बीउ उत्पादन कार्यक्रमलाई प्राथमिकता दिईनेछ।

**आ.व. २०७६/०७७, बुँदा नं. ५८ :** सरकारी तथा गैरसरकारी संस्थासँगको सहकार्यमा जैविक विविधिता र स्थानीय बाली तथा पशुपक्षीको पहिचान, संरक्षण र प्रवर्द्धन गर्ने नीति लिईनेछ।

त्यसैगरी गण्डकी प्रदेश सरकारले दोस्रो पञ्चवर्षीय योजना (२०८१/०८२-२०८५/०८६) मा स्थानीय बाली विविधता संरक्षण तथा उपयोग सम्बन्धी दूईवटा बुँदा समावेश गरेको छ।

**रैथानेबाली तथा कृषि जैविक विविधताको संरक्षण गर्ने :** प्रचुरमात्रामा पौष्टिक तत्वयुक्त रैथाने बाली तथा कृषि जैविक विविधताको संरक्षण, संवर्द्धन र सदुपयोग गरिने छ। अन्तरसरकार समन्वय र सहकार्यमा कृषि क्षेत्रमा अध्ययन, अनुसन्धान र नवप्रवर्तनका कार्यक्रम सञ्चालन गरिने छ। निजी क्षेत्र तथा समुदायको सहकार्यमा रैथाने बाली लगायतका कृषि बाली वस्तुका बीउ बीजनको संरक्षण, विकास र उत्पादन विस्तार गरिने छ।

**जैविक विविधता संरक्षण तथा व्यवस्थापन कार्यक्रम :** सामुदायिक बीउ भण्डार तथा जिन बैंक स्थापना, जैविक विविधता अध्ययन अनुसन्धान अभिलेखीकरण।

गण्डकी प्रदेश सभाले "गण्डकी प्रदेश बीउ बिजन ऐन २०८०" पारित गरिसकेको छ। यसको दफा ६ मा सामुदायिक बीउ बिजन बैङ्कबारे यसरी उल्लेख गरिएको छ ... "स्थानीय तथा रैथाने बालीको बीउ बिजनमा कृषक अधिकार र खाद्य सम्प्रभुताको हक सुनिश्चितता गर्न, स्थानीय स्तरमा आवश्यक पर्ने विभिन्न बालीका गुणस्तरीय बीउ बिजन उपलब्ध गराउन र स्थानीय तथा रैथाने बालीको संरक्षण एवं प्रवर्द्धन गर्न कृषक समूह वा सहकारीले सामुदायिक बीउ बिजन बैङ्क स्थापना गर्न सक्नेछन्"। त्यसैगरी दफा ११ मा बीउ बिजनको किसिम वा जात सूचित वा पञ्जीकृत गर्नेबारे यसरी उल्लेख गरिएको छ ... मन्त्रालयले प्रदेश भित्र उपयुक्त हुने नेपालमा उन्मोचित किसिम वा जातका बीउ बिजन सूचित गर्न वा आयातित बाहेकको स्थानीय जातका बीउ बिजनको पञ्जीकृत गर्न आवश्यक ठानेमा प्रचलित कानून बमोजिमको मापदण्ड र प्रक्रिया पूरा गरी समितिको सिफारिसमा त्यस्तो बीउ बिजन प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी सूचित गर्न वा पञ्जीकृत गर्न सक्नेछ । सोही ऐनको दफा १७ मा "जातीय विकास तथा सम्बर्धन गर्न अनुमति लिनु पर्ने" कुरा उल्लेख गरिएको छ। "गण्डकी प्रदेश बीउ बिजन ऐन २०८०" कार्यान्वयनका लागि नियमावली बन्ने प्रक्रियामा रहेको छ।

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले हालसम्म स्थानीय बाली विविधता संरक्षण सम्बन्धी निम्न कार्यविधिहरू जारी गरेको छ।

- रैथानेबाली प्रवर्द्धन सम्बन्धी आयोजना तथा कार्यक्रम कार्यान्वयन मापदण्ड २०८०
- कृषि जैविक विविधता तथा प्राङ्गारिक कृषि प्रवर्द्धन रणनीति तथा कार्ययोजना २०८० र
- सामुदायिक बीउ बैंक स्थापना तथा सञ्चालन कार्यक्रम सम्बन्धी मापदण्ड २०७७।

यी कानूनी दस्तावेजहरूमा आधारित भएर कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय मातहतका निकायहरूले सामुदायिक बीउ बैंक स्थापना तथा सञ्चालन कार्यक्रम, रैथाने बाली प्रवर्द्धन कार्यक्रम र कृषि मेला महोत्सव सहयोग कार्यक्रमहरू नियमितरूपमा सञ्चालन गर्दै आईरहेको छन्।

# बाग्मती प्रदेशमा सामुदायिक बीउ बैंकहरूको अवस्था र त्यसको प्रवर्द्धनका लागि गरिएका नीतिगत व्यवस्थाहरु एवं सञ्चालित कार्यक्रमहरु

**सुधीर श्रेष्ठ, निर्देशक, कृषि विकास निर्देशनालय, हेटौंडा**



यस कार्यपत्रमा बाग्मती प्रदेशमा सञ्चालनमा रहेका सामुदायिक बीउ बैंकहरुको अवस्था र प्रदेश सरकारको भूमिकाबारे उल्लेख गरिएको छ। हाल सम्म कृषि विकास निर्देशनालयको जानकारीमा बाग्मती प्रदेशमा छ वटा सामुदायिक बीउ बैंकहरू रहेका छन्। ती हुन् दलचोकी सामुदायिक बीउ बैंक, ललितपुर (हाल निस्क्रिय); जुँगु सामुदायिक बीउ बैंक, दोलखा (हाल निस्क्रिय); जोगीमारा सामुदायिक बीउ बैंक, धादिङ; पिङडाँडा सामुदायिक बीउ बैंक, सिन्धुपाल्चोक; सृजनशिल सामुदायिक बीउ बैंक, ललितपुर; र थानापति सामुदायिक बीउ, नुवाकोट। यी सामुदायिक बीउ बैंकहरूले विभिन्न बालीहरूका स्थानीय जातहरू संरक्षण गरिरहेका छन् भने केहीले उन्नत जातका बीउ पनि उत्पादन गरी बिक्री गर्दछन्। आर्थिक वर्ष २०८०/०८१ मा कृषि विकास निर्देशनालयले सामुदायिक बीउ बैंक सुदृढीकरणका लागि पिङडाँडा सामुदायिक बीउ बैंक, सिन्धुपाल्चोकलाई एग्री इपिसेन्टर कार्यक्रम अन्तर्गत रू. १२ लाख ८२ हजार अनुदान उपलब्ध गराइएको थियो।

आर्थिक वर्ष २०८१/०८२ मा बागमती प्रदेश कृषि तथा पशुपन्छी विकास मन्त्रालय मातहतका कार्यालयबाट बीउ बिजन सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने योजना बनाएको छ। यसका लागि उन्नत बीउ उत्पादनमा प्रोत्साहन शिर्षकमा संघीय सशर्त अनुदानबाट रू. १ करोड ९९ लाख ९० हजार बिनियोजन भएको छ। यसबाट कृषि विकास कार्यालय, चितवन, ललितपुर, धादिङ्ग, नुवाकोट, काभ्रेपलाञ्चोक, सिन्धुली र रामेछापले बीउ उत्पादन प्रवर्द्धन तथा क्षेत्र विस्तार सहयोगका लागि श्रोत बीउ/उन्नत बीउ तथा उत्पादन सामाग्री सहयोग (खाद्यान्न बाली), संस्थागत विकास तथा सुशसानका लागि कृषक समूह/सहकारीको क्षमता अभिवृद्दि तालिम/गोष्ठी, खााद्यान्न बालीको गुणस्तरीय बीउ उत्पाादन कृषक पाठशाला, बीउ उत्पादन क्षेत्र निर्धारणका लागि स्थलगत अनुगमन तथा समिति बैठक, बीउ बिजन आत्मनिर्भर कार्यक्रम कार्यान्वयन अभिमुखिकरण गोष्ठी जस्ता क्रियाकलापहरू सञ्चालन गर्नेछन्। त्यसैगरी प्रदेश बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रबाट नेपालमा बिकास भएका उन्मोचन उन्मुख वा पाइपलाईन बर्णशंकर मकैका जातहरुको बीउ उत्पादन प्रदर्शन, बीउ उत्पादक कृषकका लागि गुणस्तरीय बीउ उत्पादन व्यवस्थापन सम्बन्धी घुम्ती स्थलगत तालिम, हालसालै सिफारिस भएका एवं सिफारिस उन्मुख प्रमुख बालीहरुको बीउ बाली जातीय परीक्षण, बीउ प्रमाणिकरण, बीउ भण्डारण निरीक्षण, खडा बाली निरीक्षण, बीउ नमुना संकलन, बीउ उत्पादन, गुणस्तर नियन्त्रण तथा भण्डारण सम्बन्धी पुस्तिका प्रकाशन र वितरण गरिने छ।

## अन्य प्रदेशमा सामुदायिक बीउ बैंकहरूको अवस्था र त्यसको प्रवर्द्धनका लागि गरिएका नीतिगत व्यवस्थाहरु एवं सञ्चालित कार्यक्रमहरु

**कोशी प्रदेश, गोविन्द आचार्य, बाली विकास अधिकृत :** कोशी प्रदेशमा हालसम्म आठवटा सामुदायिक बीउ बैंकहरू स्थापना भएको तर चारवटा मात्र सक्रियरूपमा सञ्चालनमा रहेका छन्। सक्रियरूपमा सञ्चालनमा रहेका सामुदायिक बीउ बैंकहरू हुन् तामाफोक सामुदायिक बीउ बैंक संखुवासभा; शिवगञ्ज सामुदायिक बीउ बैंक, झापा; चारपाते सामुदायिक बीउ बैंक, मोरङ र हाम्रो सामुदायिक बीउ बैंक उदयपुर। हाल कोशी प्रदेशमा बीउ बिजन ऐनको मस्यौदा बनेको छ र छलफलको प्रक्रियामा रहेको छ। यस मस्यौदा बीउ बिजन ऐनमा सामुदायिक बीउ बैंक समावेश गरिएको छ।

**मधेश प्रदेश, सुदिप चौधरी, बाली संरक्षण अधिकृत :** मधेश प्रदेशमा हालसम्म चारवटा सामुदायिक बीउ बैंकहरू स्थापना भएका छन्। ती मध्ये कचोर्वा सामुदायिक बीउ बैंक, गढीमाई सामुदायिक बीउ बैंक र मा भगवती सामुदायिक बीउ बैंकहरू बारा जिल्लामा र अमृतपान सामुदायिक बीउ बैंक भने सिराहा जिल्लामा रहेका छन् । तर बारा जिल्लामा रहेका गढीमाई सामुदायिक बीउ बैंक र मा भगवती सामुदायिक बीउ बैंकहरू हाल निष्क्रिय छ। हालसम्म मधेश प्रदेश सरकारले सामुदायिक बीउ बैंक सम्बन्धी कुनै नीति तथा कार्यक्रम ल्याएको छैन।

**लुम्बिनी प्रदेश, विवेक पन्त, कृषि प्रसार अधिकृत :** लुम्बिनी प्रदेशमा हालसम्म चारवटा सामुदायिक बीउ बैंकहरू स्थापना भएका छन्। यी हुन् सुनौलो सामुदायिक बीउ बैंक, दाङ; जनजागरण सामुदायिक बीउ बैंक, बाँके, बेलवा सामुदायिक बीउ बैंक र मोहम्मदपुर सामुदायिक बीउ

बैंक बर्दिया जिल्लामा रहेक छन्। लुम्बिनी प्रदेशमा बीउ बिजन ऐनको मस्यौदा बनेको छ यसमा सामुदायिक बीउ बैंक समावेश गरिएको छ। लुम्बिनी प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रममा रैथाने बाली प्रवर्द्धन क्रियाकलाप समावेश गर्ने गरिएको छ। यो क्रियाकलाप प्रदेश भित्रका सबै जिल्लामा सञ्चालनमा छन्। सामुदायिक बीउ बैंक नभनिएता पनि रैथाने बाली संरक्षण सम्बन्धी र बीउ उत्पादन सम्बन्धी कार्यक्रमहरू नियमितरूपमा सञ्चालनमा छन्। रूकुम पूर्वलाई प्राङ्गारिक कृषि जिल्ला घोषणा गरिएको छ।

**कर्णाली प्रदेश, महेश कुमार विष्ट, कृषि अधिकृत :** कर्णाली प्रदेश सरकारले वि.सं. २०७५ मा सामुदायिक बीउ बैंक सञ्चालन निर्देशिका जारी गरेर बजेट विनियोजन गरेको तर कार्यान्वयन हुननसकेपछि वि.सं. २०७६ बाट बजेट विनियोजन गर्न छाडिएको छ। तर विभन्न जिल्लाहरूमा कोशेली घर सञ्चालनमा सहयोग पुर्याएको छ। हाल कर्णालीको उत्पादनलाई ब्राण्डिङ गर्न 'मुल्यवान' लोगो विकास गरिएको छ। केही जिल्लाका स्थानीय जातमा आधारित उत्पादनलाई यो लोगो प्रयोग गरी बजारीकरण गर्न थालिएको छ।

## सामुदायिक बीउ बैंकहरूको अवस्था र त्यसको प्रवर्द्धनमा गैरसरकारी संघसंस्थाहरूको अनुभव

**निरन्जन पुडासैनी, वरिष्ठ कार्यक्रम अधिकृत, ली-बर्ड :** विगत लामो समय देखि ली-बर्डले विभिन्न परियोजनाहरू मार्फत सामुदायिक बीउ बैंक प्रवर्द्धन गरिरहेको छ। यसलाई जलवायु अनुकुलनका लागि उपयोगि पद्दतिका रूपमा लिईएको छ। सामुदायिक बीउ बैंकहरू मार्फत स्थानीय जातहरू पञ्जिकरण गर्ने कार्य निरन्तरता दिईंदै आएको छ। सामुदायिक बीउ बैंकहरूले दिगोपनाका लागि विद्यालयमा दिवा खाजा कार्यक्रमसँग समन्वय गर्ने, नर्सरी स्थापना गर्ने र स्थानीय जातमा आधारित खाद्यन्न उत्पादन गरी बजारीकरण गर्ने कार्यमा जोड दिन थालिएको छ। विद्यालयमा दिवा खाजा कार्यक्रमलाई विस्तार गर्ने सोंच राखिएको छ।

**नमराज सिलवाल, कार्यकारी निर्देशक, सामाजिक सेवा अध्ययन केन्द्र :** यस केन्द्रले समुदायमा स्थानीय बीउ साटासाट कार्यलाई जोड दिंदै आएको छ। सामुदायिक बीउ बैंक स्थापनाका लागि एउटा तालिम पनि आयोजना गरियो। यस केन्द्रले स्थानीय सरकार तथा सहकारीहरूसँग मिलेर कार्यक्रम सञ्चालन गर्दछ। कञ्चनपुरको दोधारा चाँदनीमा एउटा सहकारीले उन्नत बीउ उत्पादन कार्य गरिरहेको छ। सोलुखुम्बु जिल्लामा पनि केही क्रियाकलापहरू अघि बढाईएको छ।

# सामुदायिक बीउ बैंक पद्धतिलाई विरूवाको जात संरक्षण तथा कृषक अधिकार सम्बन्धी मस्यौदा कानूनमा समावेश गर्नसकिने सम्भावना

प्रदिप थापा, प्राविधिक अधिकृत, राष्ट्रिय जीन बैंक, खुमलटार, ललितपुर

नेपाल सरकारले करिब दुई दशक अघि विरूवाको जात संरक्षण तथा कृषक अधिकार सम्बन्धी मस्यौदा कानून तयार गरेको भएता पनि विभिन्न कारणले यो मस्यौदा संसदमा प्रस्तुत भएको छैन। यो विधेयकले स्थानीय बाली विविधता संरक्षण तथा उपयोग र कृषक अधिकार सम्बन्धी धाराहरू समावेश गरेकाले सामुदायिक बीउ बैंकहरूको वैधानिकताका लागि उक्त विधेयकमा समावेश गर्न सकिने सम्भावना रहेको छ।

# सामुदायिक बीउ बैंक स्थापना तथा सञ्चालनका मापदण्ड र सूचकहरू

पीताम्बर श्रेष्ठ, कार्यक्रम सल्लाहकार, सामुदायिक बीउ बैंक सङ्घ नेपाल

सामुदायिक बीउ बैंक सङ्घ नेपालले नेपालमा सामुदायिक बीउ बैंक स्थापाना तथा सञ्चालन गर्दा अपनाउनुपर्ने न्यूनतम मापदण्ड र त्यसका सूचकहरूको मस्यौदा तयार गरेको छ। सामुदायिक बीउ बैंक सङ्घको साधारण सभाले यो मापदण्ड र त्यसका सूचकहरू अनुसार सदस्य सामुदायिक बीउ बैंकहरूलाई स्तरोन्नती गर्न सुझाएको छ। गोष्ठीमा प्रस्तुती गरिएको मस्यौदालाई थप जानकारी र सुझाउका लागि यहाँ समावेश गरिएको छ।

## पृष्टभूमि

विश्वमा सामुदायिक बीउ बैंकको थालनी भएको साढे तीन दशक भयो। यसको शुरूवात खडेरी, भोकमरी, सामुन्द्रिक आँधी जस्ता विपतको अवस्थामा ती समुदायमा स्थानीय बाली विविधतामा आधारित बीउको सहज आपूर्ती गर्ने एउटा उपायका रूपमा भएको हो। सन् १९९२ को 'जैविक विविधता महासन्धी' र सन् २००२ मा आएको 'खाद्य र कृषिका लागि वानस्पतिक आनुविंशक स्रोत सम्बिन्ध अन्तरिष्ट्रय सन्धी' पछि विश्वमा समग्र जैविक विविधता र स्थानीय बाली विविधतालाई हेर्ने दृष्टिकोणमा व्यापक परिवर्तन आयो। यसले स्थानीय बाली विविधता संरक्षण तथा उपयोग सम्बन्धी अध्ययन, अनुसन्धान र विकासका काम थप अघि बढाउन मद्दत पुर्यायो। त्यसपिछ सामुदायिक बीउ बैंकको अवधारणाले पनि व्यापकता पाउँदै गयो र यस विषयमा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा अनुसन्धान र विकासका कामहरू सञ्चालन भए। हाल यो अवधारणा विश्र्वव्यापीरूपमा लोपोन्मुख स्थानीय बाली विविधता स्थानीय समुदायमा नै संरक्षण, उपयोग र प्रवर्धन गर्ने र सन् २००२ को सन्धीको धारा ९ अनुसार बीउमा कृषक अधिकार अभ्यास गर्ने प्रभावकारी पद्दतिको रूपमा स्थापित भएको छ।

नेपालमा सामुदायिक बीउ बैंकको थालनी वि.सं. २०५१ सालमा ललितपुर जिल्लाबाट भएको हो भने वि.सं. २०६० मा बारा जिल्लामा कचोर्वा सामुदायिक बीउ बैंक बनेपछि यसको विस्तार हुनथालेको हो। त्यसपछि सामुदायिक बीउ बैंकको अनुसन्धान, विकास र नीति नियमको तर्जुमा सम्बन्धमा धेरै सकारात्मक कामहरू भएका छन्। यसमा समुदायको सक्रियता, सरकारी तथा गैरसरकारी निकायहरूको संलग्नता र सहयोग उत्साहजनक छ। यस विषयमा विगतमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयले केही निर्देशिका जारी गरेको थियो भने राष्ट्रिय कृषि जैविक विविधता नीति २०६३ (पहिलो संशोधन २०७१) मा यसलाई समेटेको छ। हाल कृषि वभाग अन्तर्गतको बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रले सशर्त वित्तीय हस्तान्तरण कार्यक्रम अन्तर्गत केही स्थानीय निकायहरूलाई सामुदायिक बीउ बैंकहरूको सुदृढीकरणका लागि नियमित बजेट विनियोजन गर्ने गरेको छ। गैरसरकारी क्षेत्रको पहलमा सामुदायिक बीउ बैंकहरूको सहजिकरण तथा सुदृढीकरणका लागि यसको छाता संगठन सामुदायिक बीउ बैंक संघ नेपाल पनि स्थापना भएको छ। नेपालका सामुदायिक बीउ बैंकहरूमा आधारित लेख तथा रचनाहरू धेरैका लागि सन्दर्भ सामग्री बनेका छन् भने नेपालका धेरै सामुदायिक बीउ बैंकहरूमा अध्ययन तथा अनुसन्धानका लागि धेरै देशका विद्यार्थी, अनुसन्धानकर्ता र कृषकहरूले भ्रमण गर्ने गरेका छन्। अन्य देशमा यस्ता अभ्यासहरू विरलै पढ्न र देख्न पाइन्छ।

सामुदायिक बीउ बैंक स्थापना गर्नुको मुख्य उद्देश्य विभिन्न कारणले तिब्र गतिमा लोप भइरहेका तर बहुआयामिक महत्वका स्थानीय बाली विविधताहरू समुदायमा नै दिगो रूपमा संरक्षण, उपयोग र प्रवर्धन गर्नु हो। तर मूलप्रवाहको कृषि अनुसन्धान र विकास सम्बन्धी नीति, ऐन तथा कार्यक्रममा यो विषय नसमेटिएकाले सामुदायिक बीउ बैंक सम्बन्धी समस्या र चुनौतीहरू पनि उत्तिकै छन्। विगत लामो समय देखि विभिन्न सरकारी तथा गैरसरकारी निकायहरू सहकार्यमा काम गरिरहेको भएता पनि हालसम्म सामुदायिक बीउ बैंकले कानूनी मान्यता प्राप्त गर्न सकेको छैन अर्थात सामुदायिक बीउ बैंक आधिकारिक रुपमा दर्ता गर्ने कुनै पनि कानुन र संस्थागत संरचना बनेको छैन। हाल सञ्चालनमा रहेका सामुदायिक बीउ बैंकहरू कृषक समूह वा कृषि सहकारी वा स्थानीय गैरसरकारी संस्थाको रूपमा दर्ता भएका कृषकका संस्थाहरूले एउटा कार्यक्रमका रूपमा सञ्चालन गरिरहेका छन्। यसरी सञ्चालनमा रहेका सामुदायिक बीउ बैंकहरू कहीं कतै सूचिकृत हुने वा हुनुपर्ने प्रावधान पनि बनेको छैन। त्यसैले त नेपालमा के कति सामुदायिक बीउ बैंकहरू के कस्ता उद्देश्य लिएर कुन कुन संस्था वा निकायले स्थापना गरे, ती मध्ये के कति निरन्तर सञ्चालनमा छन् र के कति बन्द भए भन्ने विस्तृत तथ्याङ्क कुनै निकायसँग छैन।

विश्वमा र नेपालमा पनि सामुदायिक बीउ बैंकहरू स्थापना र विस्तार कार्यमा गैरसरकारी संस्थाहरूको संलग्नता बढी छ। तर नेपालमा गैरसरकारी संस्थाका कार्यक्रम सम्पन्न भएपछि उनीहरूको सहयोगमा स्थापना भएका सामुदायिक बीउ बैंकहरू थप आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्ने तथा अभिभावकत्व ग्रहण गर्ने कुनै सरकारी संयन्त्र विकास भएको छैन। कतिपय सामुदायिक बीउ बैंकहरूले स्वतःस्फुर्त रूपमा स्थानीय तथा प्रदेश सरकार मातहतका निकाय र केही गैरसरकारी संघसंस्थाहरूसँग समन्वयमा काम गरिरहेको भएता पनि सबै सामुदायिक बीउ बैंकहरूले त्यसरी काम गर्न सकेका छैनन्। सबै सामुदायिक बीउ बैंकहरूको हैसियत समान छैन।

नेपाल सरकारले विगतमा सामुदायिक बीउ बैंक स्थापना सम्बन्धी दुइवटा निर्देशिका जारी गरको र केही हद सम्म कार्यान्वयन गरेको भएता पनि त्यसले निरन्तरता पाउन सकेन। निर्दिष्ट कानूनको अभावमा हाल सामुदायिक बीउ बैंक स्थापना तथा सुदृढीकरणमा लागेका संघसंस्थाहरूले आ÷आफ्नै ढाँचा अनुसारका सामुदायिक बीउ बैंकहरू स्थापना र सञ्चालन गरिरहेका छन्। राष्ट्रिय कृषि जैविक विविधता नीति २०६३ (पहिलो संशोधन २०७१) मा यसलाई समेटेको भएता पनि त्यसको कार्यान्वयनका लागि सामुदायिक बीउ बैंक कसरी, कहाँ, किन, कस्ले स्थापना र सञ्चालन गर्ने भन्ने सम्बन्धमा कुनै पनि कानून बनेको छैन। यसको स्थापना र सञ्चालन गर्दा पुरा नगरी नहुने मापदण्ड र त्यसका सूचकहरू के के हुन् भन्ने विषयमा कुनै पनि कानून, निर्देशिका, लेख, रचना तथा प्रकाशन पाइँदैन। तीन दशक वितिसक्दा पनि सामुदायिक बीउ बैंक सम्बन्धी कुनै पनि नियामक निकाय नबन्नु वा नतोकिनु यो पद्दतिको दिगोपना र यसको प्रवर्धनमा लागेका संघसंस्था तथा व्यक्तिहरूका लागि चुनौतीको विषय हो।

नेपालका सामुदायिक बीउ बैंकहरूका विविध समस्या र चुनौतीहरू भएता पनि तिनीहरूको सम्बोधन गर्दै अघि बढ्नुको विकल्प छैन। नेपालमा र अन्य देशरूमा पनि सञ्चालनमा रहेका सामुदायिक बीउ बैंकहरूमा एकरुपता पाइन्दैन। सबै पक्षबाट समरूप हुनु आवश्यक नभए पनि यसको उद्देश्य एउटै हुने भएकाले निश्चित कुराहरूमा समानता वा एकरूपता हुनु आवश्यक छ। त्यसैले यो प्रकाशन सामुदायिक बीउ बैंक स्थापना तथा व्यवस्थापनका न्युनतम मापदण्ड र त्यसका सूचकहरू के कस्तो हुनु पर्छ भन्नेबारेमा आधारित छ। यो प्रकाशनलाई अधार मानेर हाल सम्म स्थापना भएका सामुदायिक बीउ बैंकहरूले स्वमुल्याङ्कन गरी अघि बढ्न सक्दछन् भने सामुदायिक बीउ बैंक स्थापना तथा सुदृढीकरणमा काम गरिरहेका संघसंस्था तथा सरकारी निकायहरूले यसलाई बटमलाईन मानेर काम गर्न सक्दछन्। यो प्रकाशन सामुदायिक बीउ बैंक स्थापना गर्ने योजना बनाइरहेका स्थानीय सरकार तथा प्रदेश सरकार मातहतका निकायले कार्यविधी वा निर्देशिका तयार गर्दा सन्दर्भ सामग्रीको रूपमा प्रयोग गर्न पनि उत्तिकै उपयोगी हुनेछ।

## उद्देश्यहरू

सामुदायिक बीउ बैंक स्थापना तथा सञ्चालन मापदण्ड र सुचकहरू तयार गर्नुको मुख्य उद्देश्यहरू निम्न अनुसार रहेको छन्।

- सामुदायिक बीउ बैंक स्थापना तथा सुदृढीकरणमा काम गर्ने कृषक समूह, कृषि सहकारी, गैरसरकारी संघसंस्था तथा सरकारी निकायहरूमा सामुदायिक बीउ बैंकबारे समान धारणा विकास गर्ने,
- हाल सञ्चालनमा रहेका सामुदायिक बीउ बैंकहरूको स्तरोन्नती गर्ने र स्थानीय बाली विविधता संरक्षाण कार्यमा विशेषजोड दिन प्रोत्साहन गर्ने,
- सामुदायिक बीउ बैंकहरू दिगोरूपमा सञ्चालनका लागि आधार तयार गर्ने, र
- सामुदायिक बीउ बैंक स्थापना तथा व्यवस्थापन सम्बन्धी योजना तर्जुमा गर्न मार्ग दर्शन प्रदान गर्ने।

## मापदण्ड तथा सूचकहरू

हाल सञ्चालनमा रहेका सामुदायिक बीउ बैंकहरूको अवस्था मापदण्ड अनुसार मुल्याङ्कन गर्न र मापदण्ड नपुगेका सामुदायिक बीउ बैंकहरूको स्तरोन्नती गर्न तथा नयाँ सामदायिक बीउ बैंक स्थापना गर्ने भए सोही अनुसार योजना तयार गरी कार्यक्रम सञ्चालन गर्न आठ वटा मापदण्ड र सोही अनुसारका सूचकहरू निम्न अनुसार प्रस्तुत गरिएको छ।

### मापदण्ड १ : कानूनी मान्यता प्राप्त कृषकको संस्थाद्वारा संचालन

**सूचकहरू :**

- गाउँपालिका वा नगरपालिकामा दर्ता भएको र नियमित नवीकरण भएको कृषक समूह वा कृषि सहकारीका रुपमा दर्ता भएको र नियमित कर चुक्ता गरिएको,
- जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको संस्था भएमा नियमित वार्षिक लेखा परीक्षण, साधारण सभा र नवीकरण गरिएको,
- संस्था दर्ता गरिएको निकाय अनुसार संस्था सञ्चालनका लागि नेपाल सरकारले तोके अनुसारका न्युनतम् नीति, नियम, निर्देशिका, कार्यविधि विकास गरी कार्यान्वयनमा ल्याईएको, र
- समूह, सहकारी वा संस्थाको विधानमा सामुदायिक बीउ बैंक स्थापना गरी स्थानीय बाली विविधता संरक्षण, उपयोग र प्रवर्धन गर्ने उद्धेश्य राखिएको तथा सामुदायिक बीउ बैंक सञ्चालन कार्यविधी वा निर्देशिका तयार गरी सोही वमोजिम सञ्चालन गरेको।

### मापदण्ड २ : स्थानीय बाली विविधता संरक्षण, उपयोग र प्रवर्धन

**सूचकहरू :**

- आफ्नो कार्य क्षेत्र भित्र भएका वा पाईने स्थानीय बाली विविधता पहिचान तथा अभिलेखीकरण कार्य सम्पन्न गरेको,
- कम्तिमा ५० वटा स्थानीय जातका बीउ नियमित उत्पादन, भण्डारण र वितरण कार्यमा संलग्न भएको,
- वार्षिक रुपमा कम्तिमा १०० जना कृषकहरुले विभिन्न थरिका स्थानीय जातका बीउ लिएको वा १०० जना कृषकहरुलाई बीउ वितरण गर्ने गरेको,
- स्थानीय बीउ बीउ विक्री तथा वितरण गर्दा न्यूनतम जानकारी सहितको आकर्षक स्टिकर वा प्रिन्टेड प्याकेट वा बोरामा प्याक गरी विक्री वितरण गर्ने गरेको,
- आफ्नो कार्य क्षेत्रमा उपलब्ध उत्कृष्ट स्थानीय वा रैथाने जात पहिचान गरी बीउ विजन नियमावली २०६९ को खण्ड 'घ' अनुसार यो मापदण्ड लागु भएको पाँच वर्ष भित्र कम्तीमा तीन वटा जात दर्ता प्रक्रिया अघि बढाएको, र
- सामुदायिक बीउ बैंक स्थापना भएको तेस्रो वर्ष देखि वार्षिक रुपमा बीउ उत्पादन योजना तयार गरी सामुदायिक बीउ बैंकमा संरक्षण गरिएका जातहरुको कम्तीमा ५०० के.जी. बीउ उत्पादन तथा विक्री वितरण गर्ने गरेको।

### मापदण्ड ३ : मानव संशाधान विकास तथा समुदाय परिचालन

**सूचकहरू :**

- कृषि पेशामा संलग्न भएका व्यक्तिहरू मात्र सदस्य भएको,
- व्यवस्थापन समिति वा सञ्चालक समितिका सदस्यहरु मध्ये ५० प्रतिशतले सामुदायिक बीउ बैंक व्यवस्थापन सम्बन्धी तालिम लिएको,
- कृषि प्रविधि र प्राविधिक सहयोगका लागि वडा र पालिकाको कृषि शाखासँग समन्वयमा काम गरेको र

- वार्षिकरुपमा सामुदायिक बीउ बैंकका सदस्यहरु तथा सर्वसाधारणलाई सामुदायिक बीउ बैंक सञ्चालन वा रैथाने बाली संरक्षण तथा उपयोग सम्बन्धी चेतना अभिवृद्धिका लागि कृषि जैविक विविधता दिवस, कृषि जैविक विविधता मेला वा अन्य कुनै एक क्रियाकलाप सञ्चालन गर्ने गरेको।

## मापदण्ड ४ : भौतिक संरचनाको विकास तथा बीउ भण्डारण सामग्री व्यवस्था

**सूचकहरू :**

- सामुदायिक बीउ बैंक शुरु गरेको तीन वर्ष भित्र बीउ भण्डारणको मापदण्ड पुरागरेका कोठा (१) तथा कार्यालय र बैठक कोठा व्यवस्था भएको,
- बीउको सुरक्षित भण्डारणका लागि र्याक तथा बालीको वर्ग अनुसार पूर्ण हावाबन्द भएका पारदर्शी बट्टा, सिसाका बोत्तलहरु प्रयोग गरिएको, र
- कारोवार गर्ने बीउको परिमाण अनुसार चिस्यान मापन यन्त्र, बीउ उमारशक्ति परीक्षण गर्ने यन्त्र, बोरा सिलाउने मेसिन, काठका पिर्का, प्लाष्टिकका प्याकेट सिलिंग मेसिन, ग्रेडिङ मेसिन, पंखा, बीउ सुकाउने खलो, तराजु, पी.आई.सी.एस. बोरा आदिको व्यवस्थापन गरिएको ।

## मापदण्ड ५ : नीति नियमको तर्जुमा, कार्यान्वयन र अभिलेखीकरण

**सूचकहरू :**

- सामुदायिक बीउ बैंक संचालन निर्देशिका वा कार्यविधी तयार गरी अनुमोदन र कार्यान्वयन गरिएको,
- आर्थिक तथा कर्मचारी प्रशासन नियमावली तयार गरी अनुमोदन र कार्यान्वयन गरिएको,
- सहकारीको हकमा नेपाल सरकारले तोके अनुसारको न्यूनतम नीति, नियम, कार्यविधी तयार गरी अनुमोदन र कार्यान्वयन गरिएको,
- स्थानीय बीउबारेको विवरण रातो किताब, बीउ उत्पादान, विक्री, वितरण आदि अभिलेख चुस्तदुरुस्त राखिएको, र
- वार्षिकरूपमा बीउ उत्पादन योजना तयार गरी सोही अनुसार कार्यान्वयन र अनुगमन गर्ने गरिएको।

## मापदण्ड ६ : सामुदायिक बीउ बैंक संचालनका लागि आन्तरिक स्रोत परिचालन तथा सदस्य कृषकहरूको आयआर्जन तथा जीविकोपार्जन सुधारका कार्यक्रम संचालन

**सूचकहरू :**

- सामुदायिक बीउ बैंकमा आवद्ध सदस्यहरुको आयआर्जनका लागि बीउ उत्पादन, रैथाने बालीको खाद्यान्न उत्पादन, प्राङ्खगारिक तरकारी खेती, मौरीपालन, बाख्रापालन आदि कार्यक्रम वार्षिकरुपमा कम्तीमा १० प्रतिशत सदस्य सहभागि भएको,
- सामुदायिक बीउ बैंक सञ्चालक संस्थाले बीउ उत्पादन तथा विक्री वा रैथाने बालीमा आधारित खाद्यान्न उत्पादन तथा बजारीकणमा संलग्न भएको,
- बीउ पूँजी कोष वा सामुदायिक जैविक विविधता व्यवस्थापन कोष वा आयआर्जनमा टेवा पुर्याउने कुनै कोष स्थापना भएको र सदस्यहरुको आयआर्जनका लागि परिचालन भएको, र
- स्थानीय कृषकहरुको माग अनुसारका उन्नत जातको बीउ उत्पादन, स्थानीय फलफुलको नर्सरी स्थापना, प्राङ्गारिक मल, कृषि औजार वा सामग्रीहरुको विक्री आदि कुनै एक क्रियाकलाप प्रारम्भ गरेको ।

## मापदण्ड ७ : सरोकारवाला निकायाहरूसँग समन्वय तथा साझेदारी

**सूचकहरू :**

- स्थानीय निकाय, सामुदायिक संस्था, विद्यालय आदिसँग समन्वयमा फिल्ड जीन बैंक वा नर्सरी वा, कृषि कीरा जीन बैंक वा, जलीय कुण्ड जीन बैंक वा कृषि जैविक विविधताको अन्य सम्भाग मध्ये कुनै एक असल अभ्यास समेटेर संरक्षण प्रयास थालनी गरिएको,

- आफ्नो वडा कार्यालय वा गाउँ वा नगरपालिकासँग तीन वर्षमा कम्तीमा एक पटक साझेदारीमा कार्यक्रम संचालन गरिएको,
- कृषि ज्ञान केन्द्र वा जिल्ला कृषि बिकास कार्यालय वा प्रदेश कृषि विकास निर्देशनालय वा संघीय मन्त्रालय मातहतको निकायसँग पाँच वर्षमा कम्तीमा एक पटक साझेदारीमा कार्यक्रम संचालन गरिएको, र
- स्थापना भएको तीन वर्ष भित्र राष्ट्रिय जीनबैंकमा परस्थानीय र यथास्थानीय संरक्षणका लागि कम्तीमा ५० जातको रैथाने बीउ आदान प्रदान गरिएको।

माथि उल्लिखित मापदण्ड तथा सूचकहरू सामुदायिक बीउ बैंकहरूको वर्तमान अवस्था तथा उनीहरूले अवलम्वन गरेका असल अभ्यासहरूमा आधारित छ। यो मापदण्ड तथा सूचकहरू मिति २०८१ भदौ २९ गते नक्खु, ललितपुरमा सम्पन्न सामुदायिक बीउ बैंक सङ्घ नेपालको साधारण सभाले पारित गरेको छ। यसलाई सामुदायिक बीउ बैंक नेपालमा आवद्ध सबै सदस्य सामुदायिक बीउ बैंकहरू तुरून्त कार्यान्वयनमा ल्याउने, प्रत्येक वर्ष प्रगतिको अवस्था मुल्याङ्कन गर्ने निर्णय भएको छ। यसलाई समयसापेक्ष परिमार्जन तथा संशोधन गर्दै लगिने छ।

## गोष्ठीमा छलफलका क्रममा उठेका सवालहरू

- सामुदायिक बीउ बैंकको परिभाषा, दायरा र संस्थागत संरचना स्पष्ट नभएको। सामुदायिक बीउ बैंक सञ्चालन गर्ने आधिकारिक कृषकहरूको संस्था के लाई मान्ने ... कृषक समूह, कृषि सहकारी, जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका कृषकहरूको संस्था वा नयाँ खालको कृषकको संस्था परिकल्पना गर्ने?
- सामुदायिक बीउ बैंकको वैधानिकताका लागि दर्ता कहाँ गर्ने र कसरी? वार्षिक प्रगित र सामुदायिक बीउ बैंकहरूको अवस्थाबारे जानकारी प्राप्त गर्न सूचीकरण कहाँ गर्ने र कसरी गर्ने?
- प्रदेशले ल्याउने बीउ विजन ऐनमा गण्डकी प्रदेश र कोशी प्रदेशले जस्तै अन्य प्रदेशले पनि बीउ विजन ऐनमा सामुदायिक बीउ बैंक समावेश गर्न पहल कस्ले र कसरी गर्न?
- सामुदायिक बीउ बैंक सञ्चालक संस्थाहरूले स्थानीय तथा प्रदेश सरकार मातहतका निकायहरूसँग समन्वय गरी सामुदायिक बीउ बैंकलाई कृषि जैविक विविधता सुचना केन्द्रका रूपमा पनि विकास गर्दैजाने, स्थानीय जातमा आधारित खाद्य वस्तु उत्पादन तथा विक्रीका लागि कोशेलीघर सञ्चालन र बहुउद्देश्यीय नर्सरी स्थापनातर्फ अग्रसर हुनुपर्ने।
- संघीय निकायहरूले सामुदायिक बीउ बैंकलाई विभिन्न कानुनी दस्तावेजहरूमा समावेश गर्ने प्रयास भइरहेको छ। तर यो मात्र पर्याप्त छैन। यसको कानुनी आधार तयार गर्नै पर्छ।
- जिल्ला कृषि विकास कार्यालय वा कृषि ज्ञान केन्द्रमा सामुदायिक बीउ बैंकहरूको सुचिकरण गर्ने तथा वार्षिकरूपमा विवरण अद्यावधी गर्न सकिने।

## गोष्ठीको निष्कर्ष

नेपालमा सामुदायिक बीउ बैंकबारे लामो समय देखि काम भईरहेको, स्थानीय बाली विविधताको संरक्षण तथा दिगो उपयोगका लागि यो एक असल अभ्यासका रूपमा विकास भएको, नेपालका पहाडी तथा उच्च पहाडी भेगमा अझ पनि प्रचुर मात्रामा स्थानीय बाली विविधतामा आधारित खेती पद्दति अपनाइने र त्यहाँका मानिसहरूको खाद्य सुरक्षा, पोषण, आयआर्जन र जीविकोपार्जनमा स्थानीय बाली विविधताको विशेष महत्व रहेको, स्थानीय बाली विविधता प्राय स्थानीय हावापानी सुहाउँदा हुने, सुख्खा तथा खडेरी वा बढी पानी सहने तथा रोग तथा कीरा अवरोधी गुण हुने, विभिन्न जातजातीका मानिसहरूको धार्मिक तथा सांस्कृतिक पर्वहरूमा आवश्यकता हुने, रासायनिक मल तथा रासायनिक विषादी प्रयोग नगरी खेती गर्न सकिने, शहरबजारमा उच्च माग भएको, भविष्यमा कृषि अनुसन्धान र विकासका लागि अपरिहार्य स्रोत भएको, नेपाल सरकारले कृषि जैविक विविधताको संरक्षण तथा उपयोग र कृषक अधिकार सम्बन्धी अन्तराष्ट्रिय प्रतिवद्धता जाहेर गरेको लगायतका कारणले सामुदायिक बीउ बैंक पद्दति राष्ट्रिय स्तरमा विस्तार गर्नु वाञ्छनीय देखिएकाले बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रको नेतृत्व र सामुदायिक बीउ बैंक संघ नेपाल, राष्ट्रिय जीन बैंक, ली-बर्ड लगायतका सरोकारवाला निकायहरूसँग समन्वय गरी सामुदायिक बीउ बैंक स्थापना तथा सञ्चालन विधि, प्रक्रिया तथा मापदण्ड समावेश गरेर एक कार्यविधिको मस्यौदा तयार गर्ने र स्वीकृतिका लागि कृषि विभाग मार्फत कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पेश गर्ने समझदारी गरिएको छ।

# अनुसूचीहरू

## अनुसूची १ : गोष्ठी कार्यतालिका (पहिलो दिन)

**सामुदायिक बीउ बैंक नेपालको वार्षिक प्रगति समीक्षा, योजना तर्जुमा एवं साधारण सभा २०८१ भदौ २९ गते, नक्खु, ललितपुर**

**बिहानको खाजाः** ८-९ बजे

**कार्यक्रम सञ्चालनः** गणेश विष्ट

| समय | क्रियाकलाप/विषयवस्तु |
|---|---|
| | **पहिलो सत्र** |
| ०९-९:२० बजे | अध्यक्ष तथा अतिथि आसन ग्रहण-अध्यक्ष, श्री पार्वती भण्डारी,<br><br>-प्रमुख अतिथि, श्री मेघनाथ तिमिल्सिना, प्रमुख, बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र<br>-अतिथि, बलराज रिजाल, वरिष्ठ माटो विज्ञ, बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र<br>-लक्ष्मण खत्री, कार्यक्रम सञ्चालन निर्देशक, ली-बर्ड,<br>-सम्पुर्ण सहभागिहरू |
| | स्वागत मन्तव्य |
| | उद्घाटन |
| | परिचय |
| ०९:२०-१२:०० बजे<br><br>(चिया ब्रेक: २० मिनट) | सामुदायिक बीउ बैंकहरूको वार्षिक प्रगति तथा आगामी वर्षको योजना प्रस्तुती<br><br>(१० मिनट प्रति सामुदायिक बीउ बैंक) |
| १२:२०-१२:४० बजे | सामुदायिक बीउ बैंक नेपालको वार्षिक प्रगति समीक्षा तथा योजना, पीताम्बर श्रेष्ठ, कार्यक्रम सल्लाहकार |
| १२:४०-१३:०० बजे | सामुदायिक बीउ बैंक नेपालको आर्थिक प्रतिवेदन, शशिभुषण प्रधान, प्रशासन तथा वित्तीय सल्लाहकार |
| १३:००-१३:१५ बजे | माथिका प्रस्तुतीहरूमा आधारित छलफल तथा प्रतिवेदन अनुमोदन |
| १३:१५-१३:३० बजे | **मन्तव्य**<br><br>अतिथिहरू श्री लक्ष्मण खत्री<br>प्रमुख अतिथि, श्री मेघनाथ तिमिल्सेना<br>धन्यवाद ज्ञापन तथा कार्यक्रम समापन |
| १३:३०-१४:३० बजे | **खाना** |
| | **दोस्रो सत्र** |
| १४:३०-१५:३० बजे | सामुदायिक बीउ बैंक स्थापना तथा सञ्चालन मापदण्ड – प्रस्तुती, छलफल र सहमति |
| १५:३०-१६:०० बजे | सामुदायिक बीउ बैंक नेपालको नयाँ सञ्चालक समिति गठन/निर्वाचन |
| १६:००-१६:३० बजे | **कार्यक्रम समापन** |

## अनुसूची २ : गोष्ठी कार्यतालिका (दोस्रो दिन)

**नीति सम्वाद- सामुदायिक बीउ बैंकको संस्थागत संरचना र मूलप्रवाहीकरण २०८१ भदौ ३० गते, नक्खु, ललितपुर**
**कार्यक्रम सञ्चालनः** श्री नवराज जोशी

| समय | क्रियाकलाप/विषयवस्तु | जिम्मेवारी |
|---|---|---|
| | **पहिलो सत्र** | |
| ०९-९:२० बजे | अध्यक्ष तथा अतिथि आसन ग्रहण<br>• डा. नरहरि प्रसाद घिमिरे, अध्यक्ष<br>• डा. हरि बहादुर के.सी., प्रमुख अतिथि | |
| | स्वागत मन्तव्य | श्री मेघनाथ तिमल्सेना |
| | कार्यक्रमको उद्देश्य | श्री पीताम्बर श्रेष्ठ |
| ०९:२०-९:४० बजे | नेपालमा सामुदायिक बीउ बैंक- विद्यमान नीतिगत एवं कानुनी व्यवस्था र आगामी कार्यदिशा | डा. रामकृष्ण श्रेष्ठ<br>सह-सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय |
| ०९:४०-१०:०० बजे | विरूवाको जात संरक्षण तथा कृषक अधिकार विधेयक (सामुदायिक बीउ बैंकको स्थान र वैधानिकता दिन सकिने सम्भावना) | डा. बाल कृष्ण जोशी, प्रमुख, राष्ट्रिय जीनबैंक |
| १०:२०-१२:३० बजे<br>(२० मिनेट चिया ब्रेक) | **प्रदेशको अवस्थित प्रस्तुतीः** प्रदेश तथा स्थानीय तहमा सामुदायिक बीउ बैंकको अवस्था<br>(विषयवस्तुः विद्यमान र निकट भविष्यमा आउने सम्भावना भएका रणनीति, नीति, ऐन, नियमावली, निर्देशिका, सञ्चालित कार्यक्रमहरू, हालसम्मको उपलब्धी र भावी योजना) | निर्देशक ज्यूहरू (सात वटै प्रदेश) |
| १२:३०-१३:०० बजे | माथिका प्रस्तुतीहरूमा आधारित छलफल | |
| १३:००-१४:०० बजे | **खाना** | |
| | **दोस्रो सत्र** | |
| १४:००-१४:२५ बजे | सामुदायिक बीउ बैंकः वर्तमान अवस्था र विस्तारको आवश्यकता | श्री पीताम्बर श्रेष्ठ,<br>कार्यक्रम सल्लाहकार |
| १४:२५-१५:०० बजे | माथिका प्रुस्तुती तथा आफ्नो संस्थाको अनुभवका आधारमा सामुदायिक बीउ बैंकको संथागत संरचना र मुलप्रवाहीकरणका सन्दर्भमा आगामी दिनमा गर्नुपर्ने कार्यहरू<br>-राष्ट्रिय जीन बैंक, वायोभर्सिटी, ली-बर्ड, सामाजिक सेवा अध्ययन केन्द्र | |
| १५:००-१५:३० बजे | **छलफल तथा निष्कर्षः** सामुदायिक बीउ बैंकको संस्थागत संरचना र मुलप्रवाहीकरण तथा विस्तार | |
| १५:३०-१६:०० बजे | **चिया ब्रेक** | |
| | **तेस्रो सत्र** | |
| १६:००-१७:३० बजे | प्रस्तुती तथा छलफल र निष्कर्ष<br>-सामुदायिक बीउ बैंक स्थापना तथा सञ्चालन न्यूनतम मापदण्ड र सूचकहरू<br>-सामुदायिक बीउ बैंक सूचीकरण तथा विवरण अद्यावधी<br>-प्रदेश तथा स्थानीय तहको क्षमता विकास | श्री पीताम्बर श्रेष्ठ, कार्यक्रम सल्लाहकार |
| | **कार्यक्रम समापन** | डा. नरहरि प्रसाद घिमिरे, अध्यक्ष |

## अनुसूची ३ : गोष्ठीका सहभागिहरू (पहिलो दिन)

| नाम | पद | संस्था |
|---|---|---|
| श्री मेघनाथ तिमिल्सिना | प्रमुख | बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र, ललितपुर |
| श्री बलराम रिजाल | वरिष्ठ माटो विज्ञ | बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र, ललितपुर |
| श्री नवराज जोशी | बाली विकास अधिकृत | बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र, ललितपुर |
| श्री तिलकराज बुढा | खरिदार | बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र, ललितपुर |
| श्री लक्ष्मण खत्री | कार्यक्रम सञ्चालन निर्देशक | ली-बर्ड, पोखरा |
| श्री विष्णु भुसाल | बाली प्रजनक | ली-बर्ड, पोखरा |
| श्री पार्वती भण्डारी | अध्यक्ष | अग्यौली सामुदायिक बीउ बैंक, नवलपरासी (ब.सु.पू.) |
| श्री डिल्ली प्रसाद पौडेल | अध्यक्ष | शिवगन्ज सामुदायिक बीउ बैंक, झापा |
| श्री हिम बहादुर आचार्या | अध्यक्ष | पिङडाँडा सामुदायिक बीउ बैंक, सिन्धुपाल्चोक |
| श्री देव बहादुर भणडारी | अध्यक्ष | बेलवा सामुदायिक बीउ बैंक, बर्दिया |
| श्री सीता थारू | सदस्य | मोहम्मदपुर सामुदायिक बीउ बैंक, बर्दिया |
| श्री गणेश विष्ट | व्यवस्थापक | ङण्टेश्वर सामुदायिक बीउ बैंक, डोटी |
| श्री कविता जैसी पराजुली | अध्यक्ष | हाँकु सामुदायिक बीउ बैंक, जुम्ला |
| श्री भक्त बहादुर गुरूङ | अध्यक्ष | घनपोखरा सामुदायिक बीउ बैंक, लमजुङ |
| श्री डिल्ली जिमी | अध्यक्ष | तामाफोक सामुदायिक बीउ बैंक, संखुवासभा |
| श्री विद्यासागर चौधरी | | जनवातावरण सामुदायिक बीउ बैंक, कैलाली |
| श्री रमेश कुमार डगौंरा | | जोशीपुर सामुदायिक बीउ बैंक, कैलाली |
| श्री रामअवतार थारू | | मसुरिया सामुदायिक बीउ बैंक, कैलाली |
| श्री आशाराम चौधरी | अध्यक्ष | अनमोल सामुदायिक बीउ बैंक, कञ्चनपुर |
| श्री शोभा खुना | | जयफुलबारी सामुदायिक बीउ बैंक,  कञ्चनपुर |
| श्री छुमरू सरदार थारू | अध्यक्ष | चारपाते सामुदायिक बीउ बैंक, मोरङ |
| श्री रामबाबु प्रसाद यादव | अध्यक्ष | कचोर्वा सामुदायिक बीउ बैंक, बारा |
| श्री नेत्र बहादुर खड्का | अध्यक्ष | जुँगु सामुदायिक बीउ बैंक, दोलखा |
| श्री चाममारायण श्रेष्ठ | उपाध्यक्ष | पुर्कोट सामुदायिक बीउ बैंक, तनहुँ |
| श्री मणिराज गुरूङ | सदस्य | जोगीमारा सामुदायिक बीउ बैंक, धादिङ |
| श्री नानीमैंया मगर | सदस्य | दलचोकी सामुदायिक बीउ बैंक, ललितपुर |
| श्री कृष्ण प्रसाद अधिकारी | कोषाध्यक्ष | अन्नपूर्ण सामुदायिक बीउ बैंक, कास्की |
| श्री विष्णु प्रसाद अधिकारी | अध्यक्ष | नमूना प्राङ्गारिक सामुदायिक बीउ बैंक, कास्की |
| श्री सीता अधिकारी | सदस्य | सुन्दरीडाँडा सामुदायिक बीउ बैंक, कास्की |
| श्री काली बहादुर भण्डारी | कर्मचारी | सीप नेपाल, हुम्ला |
| श्री शशिभुषण प्रधान | वित्तीय तथा प्रशासन सल्लाहकार | सामुदायिक बीउ बैंक सङ्घ नेपाल |
| श्री पीताम्बर श्रेष्ठ | कार्यकम सल्लाहकार | सामुदायिक बीउ बैंक सङ्घ नेपाल |

## अनुसूची ४ : गोष्ठीका सहभागिहरू (दोस्रो दिन)

| क्र.सं. | नाम | पद | संस्था |
|---|---|---|---|
| | डा. हरि बहादुर के.सी | सह-सचिव | कृषि तथा पशुपन्छी विकास मन्त्रालय |
| | डा. रामकृष्ण श्रेष्ठ | सह-सचिव | कृषि तथा पशुपन्छी विकास मन्त्रालय |
| | डा. नरहिर प्रसाद घिमिरे | महानिर्देशक | कृषि विभाग |
| | श्री मेघनाथ तिमिल्सिना | प्रमुख | बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र |
| | बासुदेव रेग्मी | महानिर्देशक | कृषि विकास निर्देशनालय गण्डकी प्रदेश |
| | सुधीर श्रेष्ठ | निर्देशक | कृषि विकास निर्देशनालय गण्डकी प्रदेश |
| | सुदिप चौधरी | कृषि प्रसार अधिकृत | कृषि विकास निर्देशनालय मधेश प्रदेश |
| | गोविन्द प्रसाद आचार्य | कृषि प्रसार अधिकृत | कृषि विकास निर्देशनालय मधेश प्रदेश |
| | विवेक पन्त | कृषि प्रसार अधिकृत | कृषि विकास निर्देशनालय मधेश प्रदेश |
| | महेश कुमार विष्ट | कृषि प्रसार अधिकृत | कृषि विकास निर्देशनालय मधेश प्रदेश |
| | श्री प्रदिप थापा | प्राविधिक अधिकृत | राष्ट्रिय कृषि आनुवंशिक श्रोत केन्द्र (जीन बैंक), खुमल्टार |
| | डा. देवेन्द्र गौचन | Honorary Research Fellow | वायोभर्सिटी |
| | निरन्जन पुडासैनी | अध्यक्ष | ली-बर्ड |
| | श्री नमराज सिलवाल | कार्यकारी निर्देशक | सामाजिक सेवा अध्ययन केन्द्र |
| | श्री बलराम रिजाल | वरिष्ठ माटो विज्ञ | बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र |
| | श्री नवराज जोशी | बाली विकास अधिकृत | बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र |
| | श्री भगवती आचार्य | प्राविधिक सहायक | बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र |
| | श्री तिलकराज बुढा | खरिदार | बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र |
| | श्री पार्वती भण्डारी | अध्यक्ष | सामुदायिक बीउ बैंक सङ्घ नेपाल |
| | श्री हिम बहादुर आचार्य | उपाध्यक्ष | सामुदायिक बीउ बैंक सङ्घ नेपाल |
| | श्री डिल्ली पौडेल | अध्यक्ष | सामुदायिक बीउ बैंक सङ्घ नेपाल |
| | श्री देव बहादुर भण्डारी | सञ्चालक | सामुदायिक बीउ बैंक सङ्घ नेपाल |
| | श्री गणेश विष्ट | सञ्चालक | सामुदायिक बीउ बैंक सङ्घ नेपाल |
| | श्री पीताम्बर श्रेष्ठ | सञ्चालक | सामुदायिक बीउ बैंक सङ्घ नेपाल |

थप जानकारीका लागि

CSB Association of Nepal

सामुदायिक बीउ बैंक सङ्घ नेपाल
**सचिवालय**
कावासोती नगरपालिका- १४
अग्यौली, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
info@csbnepal.org
www.csbnepal.org